# नुवाकोट जिल्ला शिवपुरी गाउँपालिकामा वैदेशिक रोजगारले ल्याएको सामाजिक तथा आर्थिक प्रभावको एक समाजशास्त्रीय अध्ययन

त्रिभुवन विश्वविधालय सामाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको

स्नातकोत्तर विषयको उपाधि प्राप्तीको आंशिक आवश्यकता

परिपूर्तिका लागि प्रस्तुत

शोधपत्र


प्रस्तुतकर्ता

जितेन्द्र नायक

सिम्वोल नं- २८१९८०

त्रि.वि.वि.दर्ता नं. ९-२-२९-१८०६-२००६

समाजशास्त्र केन्द्रिय विभाग

त्रिभुवन विश्वविधालय,कीर्तिपुर,काठमाण्डौ


**२०७४**

**त्रिभुवन विश्वविद्यालय**

**सामाजिक शास्त्र संकाय**

समाजशास्त्र केन्द्रिय विभाग

कीर्तिपुर, काठमाडौं

सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालयसामाजिक शास्त्र संकाय अन्तर्गत समाज शास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिको लागि जितेन्द्र नायक द्धारा तयार पारिएको **नुवाकोट जिल्ला शिवपुरी गाउँपालिकामा वैदेशिक रोजगारले ल्याएको सामाजिक तथा आर्थिक प्रभावको एक समाजशास्त्रीय अध्ययन** नामक शोधपत्र मेरो निर्देशनमा तयार पारिएको हो। अतः यस शोधपत्रको अन्तिम मूल्याङ्कनका निम्ति सिफारिस गर्दछु ।

मिति : २०७४/...../...

............................

डा.सुरेन्द्र मिश्र
शोध निर्देशक

**त्रिभुवन विश्वविद्यालय**
**सामाजिक शास्त्र संकाय**
समाजशास्त्र केन्द्रिय विभाग
कीर्तिपुर, काठमाडौँ

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय सामाजिक शास्त्र संकाय अन्तर्गत समाज शास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिको लागि जितेन्द्र नायक द्धारा तयार पारिएको **नुवाकोट जिल्ला शिवपुरी गाउँपालिकामा वैदेशिक रोजगारले ल्याएको सामाजिक तथा आर्थिक प्रभावको एक समाजशास्त्रीय अध्ययन** नामक शोधपत्र उचित ठहरिएकोले स्वीकृति प्रदान गरिएको छ ।

शोध मूल्याङ्कन समिति

हस्ताक्षर

प्रा. डा.तुल्सी राम पाण्डे
(विभागिय प्रमुख) ........................

.................
डा.मिना उप्रेती
(वाह्य परिवेक्षक) ......................

डा.सुरेन्द्र मिश्र
शोध सुपरिवेक्षक .......................

मिति : २०७४/१२/...

# कृतज्ञता ज्ञापन

**नुवाकोट जिल्ला शिवपुरी गाउँपालिकामा वैदेशिक रोजगारले ल्याएको सामाजिक तथा आर्थिक प्रभावको एक समाजशास्त्रीय अध्ययन** नामक शोधपत्र तयार गर्ने क्रममा आफ्नो अत्यन्त व्यस्तताका बावजुद पनि आवश्यक मार्गनिर्देशन, सुझाव, सल्लाह, सहयोग र अमूल्य समय दिनुहुने आदरणीय सर शोधनिर्देशक डा. सुरेन्द्र मिश्र प्रति हृदय देखि नै कृतज्ञता व्यक्त गर्न चाहन्छु । अध्ययनको क्रममा वाह्य निर्देशक भइ आवश्यक सुझाव गर्नुहुने आदरणिय डा.मिना उप्रेती ज्युप्रति हार्दिक धन्यवाद दिन चाहन्छु । शोधपत्रको तयारी गर्न आवश्यक निर्देशन गर्नुहुने समाजशास्त्र केन्द्रिय विभाग प्रमुख प्रा.डा.तुल्सी राम पाण्डे प्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु । अध्ययनका क्रममा आवश्यक सुचना दिनुहुने सम्पुर्ण सुचना दाताहरु, मलाई सहयोग गर्ने साथीभाई आफन्त सवैलाई हार्दिक धन्यवाद दिन चाहान्छु र उहाँहरु प्रति कृतज्ञता ज्ञापन गर्न चाहान्छु ।

जितेन्द्र नायक

शोधार्थी

# विषयसुची

**अध्याय - एक  परिचय**


| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ३ |
| १.३ | अध्ययनका उद्धेश्यहरु | ५ |
| १.४ | अध्ययनको महत्व | ५ |
| १.५ | अध्ययनको संगठन | ५ |
| **अध्याय- दुई** | **सम्वन्धित साहित्यको पुनरावलोकन** | |
| २.१ | सैदान्तिक पुनरावलोकन | ७ |
| २.२ | वैदेशिक रोजगारमाका लागि कानुनी व्यवस्था | १३ |
| २.३ | योजना तथा कार्यक्रममा वैदेशिक रोजगार | १५ |
| २.४ | अवधारणात्मक ढाँचा | १६ |
| **अध्याय -तीन** | **अनुसन्धान पद्धति** | |
| ३.१ | अनुसन्धानको ढाँचा | १८ |
| ३.२ | अध्ययन क्षेत्रको छनौट | १८ |
| ३.३ | तथ्याङ्कको प्रकृति र स्रोत | १९ |
| ३.४ | नमुना छनौट | १९ |
| ३.५ | तथ्याङ्क संकलन विधि | १९ |
| | ३.५.१ अन्तरवार्ता अनुसुची | २० |

३.५.२ वैयक्तिक अध्ययन २०

३.६ तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण २०

३.७ अध्ययनको सिमा २०

**अध्याय-चार अध्ययन क्षेत्रको भौगोलिक तथा जनसाँख्यिक अवस्था**

४.१ भौगोलिक तथा जनसाँख्यिक अवस्था २२

४.१.१ अध्ययन क्षेत्रको जनसंख्या विवरण २२

४.१.२ उमेर समुह अनुसार जनसँख्या विवरण २३

४.१.२.१ वैदेशिक रोजगारमा सँलग्नको उमेर २४

४.१.३ शिक्षा २५

४.१.४ वैदेशिक रोजगारमा सम्लग्नहरुको लिङ्गको अवस्था २७

४.१.५ वैदेशिक रोजगारीको प्रकृया २८

५.३ वैदेशिक रोजगारका गन्तव्य ३०

**अध्याय-पाँच**

**वैदेशिक रोजगारमा सँलग्नहरुको आर्थिक तथा सामाजिक अवस्था**

५.१ आर्थिक अवस्था ३२

५.१.१ आम्दानी ३२

५.१.२ घरको वनौटको अवस्था ३४

५.१.३ जमिन स्वामित्वको अवस्था ३२

५.१.४ पेशा ३६

५.१.५वैदेशिक रोजगारवाट वार्षिक आम्दानी ३७

५.१.६ आम्दानीको उपयोग ३९

५.२ वैदेशिक रोजगार र सामाजिक सम्बन्ध ३९

५.२.१ सामाजिक सम्वन्ध ४०

५२.३ वैदेशिक रोजगारले समाजिक सम्वन्धमा ल्याएको परिवर्तन ४१

५.२.४ वैदेशिक रोजगारीको आर्थिक प्रभाव ४३

५.२.५ वैदेशिक रोजगारको सामाजिक प्रभाव ४४

**अध्याय-छ सारांश तथा निश्कर्ष**

६.१ सारांश ४५

६.२ निश्कर्ष ४७

सन्दर्भसामाग्री

अन्तरवार्ता अनुसुची

## तालिका सुची


| तालिका नं. | शिर्षक | पृष्ठ |
|---|---|---|
| तालिका नं.१ | शिवपुरी गाउँपालिकाको जनसँख्या विवरण | २३ |
| तालिका नं. २ | उमेरसमुह अनुसार अध्ययनक्षेत्रको जनसँख्या | २४ |
| तालिका ३ | वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको उमेरगत विवरण | २५ |
| तालिका नं.४ | वैदेशिक रोजगारमा सँलग्नको शैक्षिक विवरण | २७ |
| तालिका ५ | वैदेशिक रोजगारमा संलग्नको लिङ्गगत विवरण | २८ |
| तालिका नं.६ | वैदेशिक रोजगारका लागि गएका देशहरुको विवरण | ३१ |
| तालिका नं.७ | वैदेशिक रोजगारमा संलग्न परिवारको आम्दानीको विवरण | ३२ |
| तालिका नं.८ | वैदेशिक रोजगारमा संलग्न भएपछाडि परिवारको आम्दानी | ३३ |
| तालिका नं.९ | वैदेशिक रोजगारमा संलग्न परिवारको घरको विवरण | ३४ |
| तालिका नं.१० | वैदेशिक रोजगारमा सँलग्न परिवारको जमिनको विवरण | ३५ |
| तालिका नं.११ | वैदेशिक रोजगारमा संलग्न परिवारको पेशागत विवरण | ३६ |
| तालिका नं.१२ | वैदेशिक रोजगारवाट प्राप्त वार्षिक आम्दानीको विवरण | ३८ |
| तालिका नं. १३ | वैदेशिक रोजगारबाट आर्जित रकमको उपयोगसम्बन्धी विवरण | ३९ |
| तालिका १४ | वैदेशिक रोजगारमा संलग्न परिवारको सामाजिक प्रभाव | ४० |
| तालिका नं.१५ | वैदेशिक रोजगारले ल्याएको परिवर्तन | ४१ |

## अध्याय - एक

## परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

जीवन निर्वाहका लागि गरिने काम,इलम,पेशा वा व्यवसायलाई रोजगारी भनिन्छ ।अन्तराष्ट्रिय श्रम संगठनले सन् १९८३ मा रोजगारीलाई २ भागमा वर्गिकरण गरेका छन्:- तलबी रोजगार : कुनै पनि व्यक्तिले कुनै निश्चित समयमा बिदामा बसेको भएता पनि उनीहरु त्यो कामप्रति औपचारिक रुपमा सम्बन्धित हुन्छन् भने त्यो सम्पूर्ण तलब रोजगार अर्न्तगत पर्दछ । यसरी कुनै व्यक्तिले निश्चित समयमा कुनै काम आम्दानीको उद्देश्यले गर्दछ भने तलबी रोजगार अर्न्तगत पर्दछ । स्वरोजगार : कुनै पनि व्यक्ति आफैंले व्यपार-व्यवसाय संचालन ज्याला नलिएर पारिवारिक पालनपोषण नगद वा जिन्सिका लागि आफैंले गर्ने कामलाई स्वरोजगार भनिन्छ (डाँगी, २०६८)

वैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन गर्दै सो व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हक हितको संरक्षण गर्नको लागि वैदेशिक रोजगार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले भन्ने प्रस्तावनामा उल्लेख गरिएको वैदेशिक रोजगार ऐन २०६४ मा वैदेशिक रोजगार भन्नाले कामदारले विदेशमा पाउने रोजगार सम्झनु पर्दछ, कामदार भन्नाले वैदेशिक रोजगार पाउने नेपाली नागरिक सम्झनु पर्छ साथै वैदेशिक रोजगार व्यवसाय भन्नाले नेपाली नागरिकलाई विदेशमा रोजगारी उपलब्ध गराउन सञ्चालन गरेको व्यवसाय सम्झनु पर्छ भनि व्यवस्था गरेको छ (कानुनी किताव व्यवस्था समिति,२०६४) ।

विकासशील राष्ट्रहरूको सूचीमापर्ने नेपाल शिक्षा,स्वास्थ्य,गरिबी जस्ता समस्याबाट अझै पनि माथि उठ्न सकेको छैन । कृषि प्रधान देशको रूपमा रहेतापनि कृषि क्षेत्रको उचित विकास हुन सकेको छैन । कृषि क्षेत्रमा निर्भर बहुसंख्यक जनताको आर्थिक स्तर अझै पनि आधारभूत आवश्यकता परिपूर्तिका लागि भौतारिनु पर्ने अवस्थामा छ (के.सी., २०६६) ।

देशको अर्थतन्त्रलाई क्रियाशिल बनाउन आय तथा रोजगारीको महत्वपूर्ण भूमिका रहन्छ । देश भित्र रोजगारीका अवसरहरु पर्याप्त मात्रामा उपलब्ध नहुनाले वैदेशिक रोजगारी

नै नेपालका युवाहरुका लागि रोजगारीको प्रमुख श्रोत बनेको छ । विगत लामो अवधि देखि नै वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको संख्या प्रतिवर्ष बढिरहेको छ । अर्थिक वर्ष २०६७।६८ मा यसरी वैदेशिक रोजगारीमा जानेहरुको संख्या ३,५४,७१६ रहेकोमा सो संख्या करिब ८ प्रतिशतले बृद्धि भई आ.व. २०६८।०६९ मा ३,८४,६६५ जना, आ.व. २०६९।०७० मा यो संख्या करिव ८ प्रतिशतले बृद्धि भई ४,५३,५४३ जना र आ.व. २०७०।०७१ मा करिव ८ प्रतिशतले बृद्धि भई ५,२७,८१४ पुगेको छ । वैदेशिक रोजगारबाट विप्रेषणको रुपमा भित्रिने गरेको रकमको अंश दिनानुदिन बढि रहेको पाइन्छ । सन् २०११/२०१२ को आर्थिक सर्वेक्षणले सन् २०११/२०१२ मा विप्रेषणको रुपमा रु.३५९.५५ अर्ब भित्रिएको र सो रकम कुल गार्हस्थ उत्पादनको २३.५ प्रतिशत हुन आउने तथ्यलाई उजागर गरेको छ भने सन् २०१२/२०१३ मा विप्रेषणको रुपमा रु.४३४.६ अर्ब भित्रिएको र सो रकम कुल गार्हस्थ उत्पादनको २५.७ प्रतिशत हुन आउने देखिन्छ । त्यसैगरि सन् २०१३/२०१४ को पहिलो ८ महिनामा रु.३५६.७२ अर्ब विप्रेषण भित्रिएको र सो रकम कुल गार्हस्थ उत्पादनको २९.१ प्रतिशत हुन आउने देखिन्छ । उल्लेखित तथ्यहरुको आधारमा वैदेशिक रोजगारीलाई अझ बढी व्यवस्थित, मर्यादित र सुरक्षित बनाई वैदेशिक रोजगारीका लागि नयाँ नयाँ गन्तव्य खोज्नु पर्ने आवस्यकता र जिम्मेवारी प्रमुख चुनौतिको रुपमा रहेको छ (वै.रो.वि,२०७१)।

नेपालको सन्दर्भमा हेर्दा यहाँ रहेको जनशक्ति पूर्ण रूपमा परिचालन भएको छैन । विशेषत: कृषिमा संलग्न बहुसंख्यक जनसंख्या अर्धबेरोजगारको अवस्थामा छन् । अर्थात वर्षमा ८ महिना वेरोजगारी र कम्तिमा ४ महिना रोजगारी रहेको अवस्थाले देशमा बेरोजगारीको समस्या धेरै नै छ भन्न सकिन्छ । यसका साथै कृषिमा संलग्न अर्धबेरोजगार लगायत शिक्षित,दक्ष व्यक्तिहरूले पनि आफ्नो क्षमता अनुसार रोजगार नपाउँदा बेरोजगारको अवस्था बढ्दो क्रममा रहेको देखिन्छ। यसरी देश भित्रको जनशक्ति, श्रमशक्ति बेरोजगार रहेको र पूर्णरूपमा खपत गराउन सकिने माध्यमको कमि रहेको अवस्थामा नेपालले विश्वमा श्रमशक्तिको माग रहेको राष्ट्रहरूसँग संझौता गरी देशमा रहेको बेरोजगारी जनशक्तिलाई उक्त बजारमा खपत गराउने नीति लिएको छ (दाहाल, २०६६)।

मानिसको सोचाई र कार्यप्रणालीको तरिकामा रुपान्तरण आउनु परिवर्तन हो । जंगली सोचाई र त्यस समयको कार्यप्रणालीमा परिवर्तन आएर नयाँ सोचाइ र नयाँ प्रविधिको प्रयोगमा आईपुगेको छ ।सामाजिक परिवर्तन रितीरिवाज आचरणमा आउने

परिवर्तन हो । यो उन्नतीसँग साथै वृद्धिसँग सम्वन्धित हुन्छ । एडसर्न र पारकरको विचारमा समाजिक स्वरुप वा प्रक्रियाहरुको सँरचना तथा प्रकार्यमा आउने परिवर्तनलाई सामाजिक परिवर्तन भनिन्छ । मानिसको आचरण वानी व्यहोरा सँस्कार प्रवृति,मुल्य मान्यताहरुमा आउने रुपान्तरण सामाजिक परिवर्तन हो (ढकाल,२०६९)।वैदेशिक रोजगारमा सँलग्न भएका परिवारमा आएको आर्थिक अवस्थाको परिवर्तन सँगै सामाजिक मुल्य मान्यता,शैक्षिक अवस्था जस्ता विषयमा परिवर्तन भइरहेको पाउन सकिन्छ ।

अनुसन्धान नुवाकोटजिल्लाको वैदेशिक रोजगार र त्यसको प्रभावको बारेमा केन्द्रित भएको छ । यसरी वैदेशिक रोजगारीमा संलग्न भइसकेपछि सम्बन्धित क्षेत्रको परिवार तथा समाजमा कस्तो आर्थिक प्रभाव पारेको छ । यसै गरी वैदेशिक रोजगारीले सामाजिक सम्बन्धमा के कस्तो प्रभाव पारेको छ र वैदेशिक रोजगार सम्बन्धि उनीहरुको धारणा के कस्तो छ भन्ने कुरा यस अध्ययनमा खोजिएको छ ।

## १.२ समस्याको कथन

आ.व. २०६९/७० मा वैदेशिक रोजगारीमा जानका लागि पुरुष ४,२५,८३० र महिला २७,७१३ गरि कूल ४,५३,५४३ व्यक्तिहरुलाई श्रम स्वीकृती प्रदान गरिएको छ । जसमध्ये वैदेशिक रोजगार व्यवसायी मार्फत जानेको संख्या ३,९८,९२४ र व्यक्तिगत प्रयासमा जानेको संख्या ५४,६१९ रहेको छ । यस आ.व.को असोज महिनादेखि वैदेशिक रोजगारीका लागि यस विभागबाट श्रम स्वीकृति नलिइ अबैधानिक माध्यामबाट विदेशमा काम गरि नेपाल आएका व्यक्ति फेरी वैदेशिक रोजगारीमा जान चाहेमा त्यस्ता व्यक्तिलाई तोकिएको प्रकृया र कागजात पुरा भएमा बैधानिकिकरणको माध्यामबाट श्रम स्वीकृति दिन शुरु गरिएको छ । यसरी बैधानिकिकरणको माध्यामबाट श्रम स्वीकृति पाउनेको संख्या ३७,७२५ रहेको छ । त्यस्तै देशगत रुपमा सवैभन्दा वढी मलेसियामा १,५६,७७० र दोश्रो कतारमा ९०,९३५ जना कामदार वैदेशिक रोजगारीका लागी गएको तथ्यांकले देखाएको छ ( वैदेशिक रोजगार विभाग,२०७०)।

आर्थिक वर्ष २०७४/७५को आस्मिन महिनामा संस्थागत तर्फको श्रम स्विकृतीलाई हेर्दा जम्मा माग संख्या २४५६९ रहेकोमा त्यसकालागि विभिन्न देशमा २२८१५ पुरुष र १७५४ महिलाहरुले अन्तिम श्रमस्विकृति लिएका छन् भने कोरियाको लागि २९१जनाले श्रम स्विकृति लिएका छन् । यसै समयमा वैदेशिक रोजगार विभागवाट व्यक्तिगत तर्फको श्रम

स्विकृति विवरणलाई हेर्दा कुल २४२७३ मध्ये २२६४४ पुरुष र १६२९ महिला रहेका छन्( वैदेशिक रोजगार विभाग,२०७४) ।

बढ्दो जनसंख्या र औद्योगिकीकरणको कमिले देशभित्रका जनशक्ति त्यसै खेर गइरहेका छन् । राष्ट्र भित्रका अधिक जनशक्ति कृषिमा निर्भर रहेको र अन्य रोजगारीका वैकल्पिक उपायहरू कमै भएको अवस्थामा वैदेशिक रोजगार एक महत्वपूर्ण विकल्पको रूपमा देखा परेको छ । (पोखेल, २०५७) । जुन कुरा नेपाल सरकारले स्वीकारेर यस व्यवसायलाई विश्वसनीय, व्यवस्थित र सुरक्षित बनाउन ऐन, नीति बनाउने तथा अन्य आवश्यक कदम चालिरहेको छ । यति महत्वपूर्ण विषय भएर पनि यस विषयमा स्थलगत अध्ययन त्यति भएको पाइदैन ।

वैदेशिक रोजगारले कामदारको आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षमा परेको प्रभाव, प्रविधि हस्तान्तरण, वैदेशिक रोजगार प्रति उनीहरूको धारणा बारेमा स्थलगत तथा स्थान विशेष अध्ययन हुन नसकेको अवस्था छ र यस किसिमको स्थलगत तथा विशेष अध्ययन आफैमा एउटा अनुसन्धानको विषयवस्तु हुन सक्छ जसले गर्दा यो अनुसन्धान गर्न खोजिएको हो ।नेपाल जस्तो भौगोलिक र प्राकृतिक विविधताले सम्पन्न देश भएता पनि यसको सदुपयोग हुन नसक्दा र औधोगिक विकास हुन नसक्दा यहाको श्रमशक्ति पनि वैदेशिक रोजगारीको लागि जानु पर्ने अवस्था सिर्जना भएको छ । वैदेशिक रोजगारमा जाने विगतवाट अहिले सम्म मानिसहरुको सामाजिक परिवर्तन कस्तो रहेको छ विगत र वर्तमानमा कस्तो परिवर्तन आएको छ ? भन्ने विषयमा निम्न प्रश्नमा आधारित रहेर यो शोध कार्य गरिएको छ ।

क) वैदेशिक रोजगारले सामाजिक सम्बन्धमा के कस्तो प्रभाव पारेको छ ?

ख )वैदेशिक रोजगारमा संलग्न परिवारको आर्थिक अवस्थामा कस्तो प्रभाव पारेको छ ?

## १.३ अध्ययनका उद्धेश्यहरु

प्रस्तुत अध्ययनको मुल उद्देश्य वैदेशिक रोजगारमा संलग्न तथा पारिवारीक जिवन स्तरमा आर्थिक परिवर्तनको अध्ययन गरी वैदेशिक रोजगार प्रति आकर्षण वढ्नुको कारण

पत्ता लगाउनु हो । वैदेशिक रोजगारीले परिवार तथा समाजका विभिन्न पक्षमा पारेको प्रभावको अध्ययन गरी वैदेशिक रोजगारप्रति आकर्षण वढ्नुको कारण पत्ता लगाउनु हो । यसको विशिष्ट उद्देश्यहरु निम्न प्रकार छन् ।

क) वैदेशिक रोजगारीले परिवारमा पारेको आर्थिक प्रभावको अध्ययन गर्नु ।

ख) वैदेशिक रोजगारीले सामाजिक सम्बन्धमा पारेको प्रभावको अध्ययन गर्नु ।

## १.४ अध्ययनको महत्व

हरेक अध्ययनको आ-आफ्नै महत्व छ । यस अध्ययनले पनि वैदेशिक रोजगारमा संलग्न परिवारको सामाजिक परिर्वनको अध्ययनको लागि नुवाकोट जिल्लालाई लिईएको छ । यसले सो क्षेत्रमा वैदेशिक रोजगारले ल्याएको सामाजिक परिवर्तनलाई प्रकाश पारिने छ । अध्ययनको निर्ष्कषवाट भविष्यमा वैदेशिक रोजगारले समाजमा पारेको प्रभाव वारेमा थप अध्ययन गर्न र मुलुकको निती निर्माताहरुको लागि उपयोगी हुनेछ । समाजशास्त्रीय हिसावले वैदेशिक रोजगार लाई बुझ्न र अध्ययन गर्न चहाने भावी अनुसन्धान कर्तालाई पनि यो एउटा जानकारी प्राप्त गर्न सहयोगी हुन सक्छ ।

## १.५ अध्ययनको संगठन

प्रस्तुत शोधलाई जम्मा छ अध्यायमा विभाजन गरिएको छ । जस अन्तर्गत अध्याय एकमा शोध पत्रको विषयवस्तुको अध्ययनका लागि विषयवस्तुको सान्दर्भिकलाई पुष्टि दिने खालको परिचय दिने किसिमले परिचयात्मक पृष्ठभूमिबाट शुरु गरिएको छ । यसका साथै वैदेशिक रोजगारको परिभाषा, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व आदिको बारेमा उल्लेख गरिएको छ ।यसैगरी अध्याय दुईमा पूर्व साहित्यको अध्ययन गर्ने क्रममा वैदेशिक रोजगारिको बारेमा पाइएका लेख रचना, पुस्तक, पत्रपत्रिकाका साथै सम्बन्धित विषयमा वैदेशिक रोजगार सम्बन्धि गर्नु भएका अध्ययनलाई पनि उल्लेख गरिएको छ । यसका साथै वैदेशिक रोजगार सम्बन्धि सैद्धान्तिक अवधारणा पनि उल्लेख गरिएको छ ।अध्याय तीनमा अनुसन्धान पद्धती अन्तर्गत अध्ययनका लागि पुर्कोट वाट वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुलाई उदेश्यमुलक नमुना छनौट विधिका आधारमा छनोट गरिएको छ । यसका साथै यस अन्तर्गत अध्ययन क्षेत्रको औचित्य अनुसन्धान ढाँचा, तथ्याङ्कको प्रकृति र श्रोत, कार्यक्षेत्रको अध्ययन प्रक्रिया लगाएत तथ्याङ्क संकलन विधि अन्तर्गत अवलोकन, अन्तवार्ता,सर्वेक्षण, वैयक्तिक अध्ययनसाथै तथ्याङ्क विश्लेषण तथा

प्रस्तुतिकरण र अध्ययन सीमाका बारेमा उल्लेख गरीएको छ । अध्याय चारमा जनसांख्यिक तथा सामाजिक परिचय अन्तर्गत अध्ययन क्षेत्रको परिचय लगायत यस क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्नहरुको पारिवारीक विवरण सम्बन्धमा उमेर र लिङ्गगत संरचना, जातीगत विवरण, पारिवारीक संरचना, पेशा, आम्दानी, जमिन, र घरको बनोटको बारेमा उल्लेख गरिएको छ ।अध्याय पाँचमा वैदेशिक रोजगार र सामाजिक सम्बन्ध अन्तर्गत वैदेशिक रोजगारीको प्रक्रिया, वैदेशिक रोजगारिमा संलग्नहरुको सामाजिक अवस्था,सामाजिक तथा सांस्कृतिक प्रभावको बारेमा उल्लेख गरिएको छ ।अध्याय छ मा यस शोधपत्रको लागि जति पनि अध्ययन अनुसन्धान गरिएको छ त्यसको शिलशिलाबद्ध सारांश र निष्कर्षका बारेमा उल्लेख गरिएको छ ।

# अध्याय- दुई

## सम्वन्धित साहित्यको पुनरावलोकन

### २.१ सैदान्तिक पुनरावलोकन

समाजको एउटा महत्वपूर्ण चरित्रको रुपमा रहेको अत्यन्त चलवस्तु भनेको श्रम हो । परम्परादेखि आजसम्म पनि विभिन्न दृष्टिकोणबाट श्रमलाई परिभाषित र निर्देशित गर्ने गरिएको छ । समय अनुकुल परिमार्जित हुदै जाने समाजमा श्रमको वस्तुस्थिति र परिपाटीले एउटा सैद्धान्तिक दृष्टिकोण ल्याउने गर्दछ । यसलाई विभिन्न दार्शनिक, समाजशास्त्रि र अन्य विद्धत वर्गले विभिन्न दृष्टिकोणबाट समाजमा स्थापित गर्दै पूर्णमान्यता दिइ पुष्टि गरेका छन् । यी विभिन्न मान्यताहरु मध्येअध्ययनसँग सम्बन्धित समाजशास्त्रीय दृष्टिकोण यहाँ प्रस्तुत गरिएको छ ।

विश्वव्यवस्था अर्न्तगत यसका विभिन्न भागहरु (केन्द्र, अर्धपृष्ठ र पृष्ठ क्षेत्र) विभिन्न कुराका लागि महत्वपूर्ण हुँदै गएका विशिष्ट कार्यहरु (श्रमको उत्पादन, खाधान्न उत्पादन, कच्चा पदार्थको उपलब्धता र प्रयोगका वस्तुको निर्माण) गर्दै गए । जस्तैः- अफ्रिकाले दासको उत्पादन, पश्चिम र युरोपले किसानको उत्पादन र पश्चिम युरोपमा ज्यालादार कामदार शासन गर्ने वर्ग र सिप युक्त प्रशासकहरु रहन पुगे (रिट्जर, १९९२) ।

आधुनिकीकरणको सिद्धान्तले देखाएको सामाजिक संस्थाप्रतिको व्यवस्थाको स्थिति, आधुनिक बन्नलाई पश्चिमी आर्थिक र सामाजिक शैलिको नक्कल गर्नुपर्ने अवस्था तथा विभिन्न देशहरुमध्ये विकासका अवास्तविक सम्बन्धहरुको सृजनाको बारेमा विश्लेषण गर्दै तेस्रो विश्व वा गरिव राष्ट्रहरु किन र कसरी शोषणमा परेका छन् भन्ने देखाउन विश्वव्यवस्था सिद्धान्तको विकास गरिएको हो । जसका मुख्य व्याख्याकार वालरस्टाइन हुन् । यसलाई नव मार्क्सवादी वा परनिर्भरताको सिद्धान्त पनि भनिन्छ । खास गरेर विश्व व्यवस्था सिद्धान्त शुरुमा भौगोलिक विस्तार भयो र त्यसपछिको पृष्ठभूमिबाट विश्ववयापी रुपमा श्रम विभाजन भयो । यसैगरि १६ औं शताब्दिमा आइपुग्दा पुँजीवाद नै शक्तिशाली बन्न पुग्यो । तर विश्वमा पुँजीवादको विकास समान रुपले भएन् (वालरस्टाइन उद्धित रिट्जर, १९९२) ।

विश्वप्रणाली भित्रका राष्ट्रहरु केन्द्र,अधपृष्ट र पृष्ठक्षेत्र जस्ता तीन वेग्ला वेग्लै क्षेत्रहरुमा विभाजित रहेका छन् भौगोलिक केन्द्र वा केन्द्रको विश्वप्रणालीमा प्रभुत्वशाली

स्थान रहेको छ ।जसमा उत्पादनको उन्नत प्रणाली भएका मजवुद र शक्तिशाली राष्ट्रहरु पर्दछन् ।केन्द्रका राष्ट्रहरुमा आर्थिक कियाकलापहरु जटिलता र पुँजी सँग्रहको स्तर सवैभन्दा वढी हुने गर्दछ ।केन्द्रका राष्ट्रहरुले अत्याधुनिक प्रविधिहरु र वढी यान्त्रिकृत उत्पादनका साधनहरु प्रयोग गरेर विशिष्ट रुपमा परिस्कृत वस्तुहरुको उत्पादन गर्दछन् ।केन्द्रका देशहरुले वढी मुल्य पर्ने सामानहरु अर्धपृष्ठ राष्ट्रहरु जसलाई तेस्रो विश्वका राष्ट्रहरुपनि भनिन्छ र तिनिहरु सँग शाक्ति , धन र प्रभुत्व कम हुने गर्दछ ।

वालरस्टाइनका अनुसार केन्द्र क्षेत्रमा स्वतन्त्र मजदुर अर्धपृष्ठ क्षेत्रमा किसानहरु र पृष्ठ क्षेत्रमा बाध्यात्मक वा बाधा मजदुर रहन गए । यसरी केन्द्रमा सिपमूलक र स्वतन्त्र मजदुरहरुको वाहुल्यता हुन पुग्यो । यसका साथै केन्द्र क्षेत्रसँग भएका सिपमूलक मजदुरलाई प्रयोग गरि विकसित राष्ट्रले विश्वका विभिन्न ठाउँहरुमा उधोगधन्दा सञ्चालन गरि पुँजीवादलाई विस्तार गर्न थाले (रिट्जर, १९९२) ।

सन् १८१५ भन्दा अगाडी नेपालीहरु भारतको आसाम, मणिपुर, मेघालय, दार्जिलिङ्ग, भुटान, वर्मा आदि ठाउँहरुमा वैदेशिक रोजगारीको लागि गएको पाइन्छ । ती ठाउँहरुमा नेपाली श्रमिकहरुद्वारा कृषि, कोइला खानि, जंगल फडानी, रबर खेति, चिया बगान जस्ता आदि क्षेत्रमा रोजगारीका लागि जाने गरेको पाइन्छ । यसका साथै उनीहरुले विदेशमा सिकेका सीपलाई समेत सँगै ल्याएको पाइन्छ । जसको उदाहरण नेपालमा सञ्चालित चिया खेतिलाई लिन सकिन्छ (गौतम, २०५८) ।

वैदेशिक रोजगार अत्यधिक नेपाली परिवारहरुको जीविकोपार्जनको आधार भएको कुरा सर्वविदितै छ । सन् २०१२ को नोभेम्बर महिनामा प्रकाशित राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनमा जनाइए अनुसार सन् २०११ मा कुल गार्हथ्य उत्पादनमा २३.५ % वैदेशिक रोजगारको योगदान थियो ।  त्यस्तै सन् २०११ को नेपाल जीवनस्तर सर्वेक्षणको तथ्याङ्क अनुसार वैदेशिक रोजगारबाट नेपालमा भित्रिने विप्रेषण विगत १५ बर्षमा ३० गुणाले वृद्धि भएको छ,  जो सन् १९९५/९६ मा रु. ७ अर्ब थियो भने सन् २००४/०४ मा रु. ३५ अर्ब र सन् २०१०/११ मा २०८ अर्ब पुगेको पाइयो । त्यस्तै केन्द्रीइ तथ्याङ्क विभागले प्रकाशित गरेको "नेपालको तथ्याङ्कीय झलक २०६८" मा आ.ब. २०६७/६८ मा विप्रेषणको रकम रु. २३१ अर्ब भनी जनाइएको छ । यसरी नेपाली अर्थतन्त्रमा विप्रेषणको योगदान यतिका परिमाणमा पुऱ्याउने आप्रवासी नेपालीहरुको संख्या पनि उत्तिकै मात्रामा बढेको

पाइन्छ । नेपाली पुरुषहरुको साथसाथै नेपाली महिलाहरु पनि वैदेशिक रोजगारमा जाने क्रम बढदो छ । आधिकारिक रुपमा वैदेशिक रोजगार विभागले लैङ्गिक खण्डिकृत तथ्याङ्क सन् २००६/०७ देखि उपलब्ध गराउदै आएको छ, जस अनुरुप सन् २००६/०७ देखि सन् २०११/१२ सम्म ५७,००० महिलाहरु वैदेशिक रोजगारमा आवद्ध छन् । तरै पनि यस आधिकारिक तथ्याङ्कले आप्रवासी नेपाली महिलाको वास्तविकता उजागर गर्दैन भन्नेहरुमा राष्ट्रिय मानव अधिकार आयोग पनि पर्दछ, जसले यो कुरा माथि उल्लिखित प्रतिवेदनमा व्यक्त गरेको छ । राष्ट्रिय योजना आयोगको सन् २०११ को एक प्रतिवेदन अनुसार २००,००० नेपाली महिलाहरु वैदेशिक रोजगारको निम्ति आप्रवासनमा रहेका छन् जो कुल आप्रवासी नेपाली कामदारहरुको ८-१०% हुन जान्छन् (भद्रा,२०१३)।

सन् १८१६ को सुगौली सन्धिपछि तत्कालिन सम्झौता अनुरुप इष्टइण्डिया कम्पनिले ३ वटा रेजिमेन्ट स्थापना गरि लाहोरमा राखियो । यसरी रेजिमेन्टमा भर्ना हुन प्रायः नेपालीहरु लाहोर जाने गर्दथे । त्यसैले लाहोर जाने नेपालीले उसका परिवारका अन्य सदस्यहरुलाई पनि सँगै लाने र त्यहाँका कलकारखाना, होटल आदिमा काममा लगाउन थाले । यसप्रकार इष्टइण्डिया रेजिमेन्टमा भर्ना हुनेहरुमा हालको गोर्खा, लमजुङ्ग, तनहू , कास्की आदि क्षेत्रबाट बढि जाने र त्यसबेलाको नेपाली पहिचान नेपालीभन्दा गोर्खालीको नामले चिनिन थालियो । यसरी विदेश हिन्दुस्तान जाने आउने नेपालीलाई नेपालमा “लाहुरे” र विदेशमा गोर्खाली भन्न थालिएको हो (पोखरेल, २०५७:४) ।

ग्रामिण क्षेत्रमा उत्पादन र रोजगारीको अबसर कम हुने र कृषि पेशा पनि जीवन धान्ने खालको हुँदा वार्षिक थप भएका श्रम शक्तिहरुलाई रोजगारको समस्या परिरहेको छ । यहाँका उधोग तथा कलकारखानाहरुमा रोजगारीको खोजिमा नै ग्रामिण क्षेत्रबाट शहर पसेको पाइन्छ । शहरमा पनि जनसंख्याको अत्यधिक चाप र आन्तरिक बसाइसराइका साथै कामको खोजिमा आउने, खुल्ला सिमानाका कारण हुने बाह्य बसाइसराई एवं कामको खोजीमा यहाँ आउने भएकाले पनि बेरोजगारी झन बिकराल समस्याको रुपमा देखिएको छ । यहि कुरालाई ध्यानमा राखि नेपाल सरकारले मुलुकभित्र दिर्घकालिन व्यवस्थामा सुधार गर्दै आइरहेको छ (पण्डित, २०५६:४१) । यसरी मुलुकभित्र दिर्घकालिन व्यवस्थामा सुधार गर्ने मुख्य कारक तत्व वैदेशिक रोजगार बन्न गएको देखिएको छ ।

नेपालको अर्थतन्त्रमा वैदेशिक रोजगारबाट प्राप्त रकमले महत्वपूर्ण भूमिका खेल्दै आएको छ । विप्रेषण भन्नाले “विगत १२ महिनामा परिवारलाई आफ्नो परिवारको

अनुपस्थित सदस्य वा अन्य कसैले स्वदेश वा विदेशबाट पठाएको रकमलाई जनाउँछ" (के.त.वि.,२०६८) । यसरी आफ्नो परिवारको अनुपस्थितिमा देश वा विदेशबाट पठाएको रकम नै विप्रेषण हो ।

यस तथ्याङ्कबाट के प्रष्ट हुन्छ भने नेपालीहरु वैदेशिक रोजगारमा जाने क्रम प्रत्येक वर्ष वृद्धि हुँदै गइरहेको देखिएको छ (डाँगी, २०६८:८) । हालको अवस्थालाई हेर्दा देशमा १० वर्षे जनयुद्धपश्चात द्वन्द्वका कारण हालसम्म सरकारको स्थिरता नहुनु, स्वदेशी रोजगारको अभावका साथै राजनैतिक परिवर्तन भइरहनु, स्वदेशी घरेलु उधोग तथा कलकारखानाहरु क्रमिक रुपमा धारासायीमा पर्नु आदि समस्याले पनि नेपालीहरु वेरोजगारी भएर विदेशिएको पाइएको छ ।

वैदेशिक रोजगारसम्बन्धी विभिन्न तथ्याङ्क अनुसार विश्वभरिमा २० करोड ५० लाखभन्दा बढि नागरिक आफू जन्मेको भूमि छाडी कामको लागि अन्य मुलुकमा गएको पाइन्छ । नेपालको सन्दर्भमा पनि कामको लागि विदेशिने क्रम बढ्दो रहेको छ (वैदेशिक रोजगार विभाग, २०६८ को पछिल्लो रिपोर्ट) । यसै क्रममा सर्लाही जिल्लाबाट वैदेशिक रोजगारमा संलग्न हुनेहरुको संख्या मिति ०१/०१/२०६० देखि मिति ०४/०१/२०६८ सम्ममा पुरुष २८,७३६ जना र महिला १०९ जना गरि जम्मा २८,८४२ जना रहेको बताइएको छ (के.त.वि., २०६८) । यसरी ग्रामिण क्षेत्रबाट विदेशिने क्रम बढ्नुको उद्देश्य स्थानिय स्तरमा मौसमी रोजगार हुनुले हो ।

नेपालको अर्थतन्त्रमा वैदेशिक रोजगारीको योगदान हाल आएर सर्वाधिक महत्वपूर्ण बन्दै गएको छ । देश भित्र पर्याप्त रोजगारीका अवसरहरु प्राप्त भैनरहेको अवस्थामा वैदेशिक रोजगारी नै नेपालका युवा जनशक्तिकोलागि रोजगारीको प्रमुख श्रोत बन्दै गईरहेको पाईन्छ । देशको अर्थतन्त्रलाई क्रियाशिल बनाउनमा आय तथा रोजगारीको महत्वपूर्ण भूमिका रहन्छ । विदेशमा काम गर्न जाने व्यक्तिहरुबाट विप्रेषणको रुपमा सन् २०११/२०१२ मा रु.३५९.५५ अर्ब भित्रिएको र उक्त रकम कुल गार्हस्थ उत्पादनको २३.१ प्रतिशत हुन आउने तथ्य आर्थिक सर्वेक्षण २०११/२०१२ मा उल्लेख भएको छ । सो अनुसार २०१२/२०१३ को पहिलो ८ महिनामा रु.२६६.०९ अर्ब भित्रिएको देखिन्छ । उल्लेखित तथ्यहरुको आधारमा वैदेशिक रोजगारीलाई अझ बढी व्यवस्थित, मर्यादित र सुरक्षित बनाउनु पर्ने देखिन्छ । विगत दशकदेखि वैदेशिक रोजगारीका लागि देश छोड्ने व्यक्तिहरुको संख्या प्रतिवर्ष बढिरहेको छ । यसरी वैदेशिक रोजगारीमा जानेहरुको संख्या अर्थिक वर्ष २०६७६८ मा

३,५४,७१६ जना रहेकोमा करिब ८ प्रतिशतले बृद्धि भई आ.व. २०६८।०६९ मा वैदेशिक रोजगारीमा जानेहरुको संख्या ३,८४,६६५ जना पुगको छ। आ.व. २०६९।०७० मा यो संख्या ४,५३,५४३ जना पुगेको छ (वैदेशिक रोजगार विभाग,२०७०)।

शहस्राब्दी विकास लक्ष प्रगति प्रतिवेदन २०१३ अनुसार वैदेशिक रोजगारका लागि आफ्नो परिवारका सदस्यहरूलाई पठाउने परिवारहरूमा वैदेशिक रोजगार र विप्रेषणले उल्लेखनीय अनुपातमा गरिबी न्यूनीकरणमा योगदान पुऱ्याएको कुरा अभिलेखगरिएको छ । तर यसको अन्य जनसङ्ख्या र आन्तरिक आप्रवासीहरूका माझ त्यस्तो योगदान देखिंदैन । सन् १०९० देखि २०१३ को बिचमा राष्ट्रिय गरिबीको रेखामुनि रहेको जनसङ्ख्या ४२ प्रतिसतबाट २३.८ प्रतिसतमा घट्न पुग्यो । शहस्राब्दी विकास लक्षको प्रतिवेदनले पनि नेपालको गरिबीको स्तर घट्ने क्रममा सन् १९९६ र सन् २००४ को बिचमा १.५ प्रतिसतले र सन् २००४ र २०११ को बिचमा २.५ प्रतिसतले वृद्धि भएको उल्लेख गरेको छ । यसरी गरिबीको स्तर घट्ने क्रम वृद्धि हुनुमा सोही अवधिमा वृद्धि भएको श्रम स्वीकृतिको सङ्ख्यासँग मेल खान्छ । गरिबी निवारणका लागि विप्रेषणको मुख्य प्रभाव परिवारको तहमा देखिएको छ । राष्ट्रिय जीवनस्तर सर्वेक्षण सन् २०१०/२०११ अनुसार, विप्रेषण प्राप्त गर्ने सबै परिवारको विप्रेषणमा सन् १९९५/९६ को २३.४ प्रतिसतबाट वृद्धि भई सन् २०१०/११ म ५५.८ प्रतिसत हुन पुग्यो । प्राप्त गर्ने परिवारको कुल आयमा विप्रेषणको उल्लेखनीय हिस्सा रहेको छ : सम्पूर्ण परिवारमा रहेको केवल १७.६ प्रतिसतबाट४३ सन् २०१०/११ मा ३०.९ प्रतिसतको हिस्सा (विश्व बैंक, २००९)४४ । विश्व बैंकको जानकारीअनुसार विप्रेषणको अधिकांश मात्रा दैनिक उपभोग र ऋण भुक्तानीका लागि प्रयोग हुने गरेको छ । राष्ट्रिय जिवनस्तर सर्वेक्षण सन् २०१०/११ अनुसार परिवारले प्राप्त गर्ने कुल विप्रेषणको करिब ७९ प्रतिसत दैनिक उपभोगका लागि र ७ प्रतिसत ऋण भुक्तानीका लागि प्रयोग भएको थियो । अनुसन्धानकर्ता र नीति निर्माताहरूले विप्रेषणको महत्वलाई विस्तृत रुपमा लेखाजोखा गरेअनुसार गरिबी न्यूनिकरणमा योगदान पुऱ्याइ रहेको विप्रेषण नेपालका लागि अपवाद होइन । उदाहरणका लागि, दक्षिण भारतको केरला राज्यबाट व्यापक रुपमा खाडी मुलकतर्फको श्रम आप्रवासनका कारण विप्रेषणमा भएको वृद्धिले त्यस राज्यको गरिबीको तह १२ प्रतिसतले घटाउन योगदान पुऱ्यायो ।नेपाल राष्ट्र बैंकले अन्तर्राष्ट्रिय आप्रवासी कामदारहरूको सबभन्दा बढी सङ्ख्या भएको धनुषा जिल्लामा विप्रेषणको प्रभाव अध्ययन गरेर आप्रवासी कामदार पठाउने परिवारहरूको उपभोग आप्रवासी कामदार नपठाउने

परिवारहरूको भन्दा उच्च पायो । यस्तो आयको अधिकांश हिस्सा खाद्यान्न र विहेवारीका लागि खर्च गर्ने गरिएको र बाँकी रकम जमिन खरिदका लागि खर्च गरेको पाइयो(श्रम तथा रोजगार मन्त्रालय,२०१५)।

ग्रामिण क्षेत्रमा उत्पादन र रोजगारीको अबसर कम हुने र कृषि पेशा पनि जीवन धान्ने खालको हुँदा वार्षिक थप भएका श्रम शक्तिहरुलाई रोजगारको समस्या परिरहेको छ । यहाँका उधोग तथा कलकारखानाहरुमा रोजगारीको खोजिमा नै ग्रामिण क्षेत्रबाट शहर पसेको पाइन्छ । शहरमा पनि जनसंख्याको अत्यधिक चाप र आन्तरिक बसाइसराइका साथै कामको खोजिमा आउने, खुल्ला सिमानाका कारण हुने बाह्य बसाइसराई एवं कामको खोजीमा यहाँ आउने भएकाले पनि बेरोजगारी झन बिकराल समस्याको रुपमा देखिएको छ । यहि कुरालाई ध्यानमा राखि नेपाल सरकारले मुलुकभित्र दिर्घकालिन व्यवस्थामा सुधार गर्दै आइरहेको छ (पण्डित, २०५६) ।

वि.सं. २०५२ मा ने.क.पा. माओवादीले सशस्त्र जनयुद्ध थालेपछि द्वन्दका कारण नेपाली युवा युवतीहरु विर्देशिने क्रम ह्वात्तै वढेको देखिन्छ । तर माओवादी २०६३ सालमा शान्ति प्रक्रियामा आएपछि मुलुकमा लोकतन्त्र स्थापना भएपनि नेपालीहरु विदेशिने क्रम रोकिएन । यस तथ्यांकलाई हेर्ने हो भने द्वन्दको मारमा पर्नु भन्दा स्वदेशमा रोजगारीको अभावले नेपाली हरु विदेशिएको स्पष्ट हुन्छ । यसका साथै देशमा व्याप्त अशिक्षा, वेरोजगारी, न्यूनतलव, निरन्तरको द्वन्द र रोजगार कम्पनीको अभावमा नेपालीहरु विदेशिने गरेको कुरा तथ्यांकले देखाउछ । देशमा पटक-पटक सरकार परिवर्तन भएपछि रोजगारीको सिर्जनाका लागि कुनै पनि सरकारले नयाँ योजना ल्याउन नसक्नु र नेपाली मुद्राको तुलनामा विदेशी मुद्रा बढी हुनुले पनि नेपालीहरु वैदेशिक रोजगार का लागी वढी आकर्षित हुने गरेको देखिन्छ (के.सी., २०६६) ।

नेपालका अधिकांश जनता ग्रामिण क्षेत्रमा वसोवास गर्दछन् । आर्थिक रुपले सक्रिय जनसंख्याको ८१% जनता कृषि पेशामा लागेको पाइन्छ (के.त.वि. २०५८) । ग्रामिण क्षेत्रमा उत्पादन र रोजगारीको अवसर कम हुने र कृषि व्यवसाय पनि जीवनधान्ने किसिमको मात्र हुदा वार्षिक रुपमा थपिने वेरोजगारीको कारणले श्रम शक्तिलाई रोजगारको समस्या परेको छ । नेपालका उद्योग प्रतिष्ठानहरुमा रोजगारी प्राप्त गर्ने मनसायले ग्रामिण श्रमशक्ति शहर केन्द्रित हुदै शहर पसेको पाइन्छ । शहरमा पनि जनसंख्या अधिक भएको, गाउँवाट आन्तरीक

वसाइसराई एवं कामको खोजिमा आउने, खुला सिमानावाट हुने बाह्य बसाइ सराइ एवं कामको खोजीमा नेपाल आउनाले पनी वेरोजगारी समस्या झन विकराल हुदै गएको छ । यहि कुरालाई ध्यानमा राखी नेपाल सरकारले मुलुक भित्र दीर्घकालिन व्यवसायका रुपमा वैदेशिक रोजगारको व्यवस्थामा सुधार गर्दै आइरहेको देखिन्छ । जस्तो नेपाल सरकारले ६३१ मेनपावर कम्पनिलाई वैदेशिक रोजगारका लागि १०७ देशहरुमा इजाजत दिएको छ । त्यसैगरी नेपाल सरकारले केहि मात्रामा भएपनि वंगलादेश, चीन, जर्मनी, मलेशिया, अमेरिका लगाएत १८ मुलुकहरुमा नेपाली दुतावासहरु संचालन गरेको छ (दाहाल, २०६६) ।

## २.२ वैदेशिक रोजगारका लागि कानुनी व्यवस्था

सन् १९५० पछि अर्थव्यवस्था खुल्ला रुपमा अगाडी बढ्न थालेको पाइन्छ । सन् १९६३ पछि नेपाली आप्रवासीहरुलाई विविध ठाउँमा दुःख दिएको, रोजगारीमा गएका व्यक्तिले दुःख पाएका समाचारहरु प्रकाशमा आउन थालेपछि निजि क्षेत्रहरुको सहभागिता पनि विभिन्न देशहरुमा वृद्धि हुन थालेको पाइन्छ । नेपाल सरकारले वि.सं. २०२८ सालमा श्रम विभाग र वि.सं. २०३८ सालमा श्रम मन्त्रालयको गठन गरि श्रमलाई व्यवस्थित र परिमार्जित गर्दै लाने निति लिएको हो (डाँगी, २०६८)

वैदेशिक रोजगार ऐन लागु भएपछि वैदेशिक रोजगार सेवा एवं व्यवसायलाई व्यवस्थित र संस्थागत रुपले विकाश गर्न छैठौं योजना देखि सुरु भएको हो । यसरी विभिन्न पञ्चवर्षिय योजना लगाएत अन्तरीम त्रि वर्षिय योजनामा समेत नेपाली श्रमिकहरुको निम्ति वैदेशिक रोजगारका अवसरहरु पहिल्याउदै, त्यस किसिमका रोजगारमा वृद्धि गर्दै तथा वैदेशिक रोजगारमा संलग्न श्रमिकहरुको ज्यान धनको सुरक्षाका लागी नेपालका कुटनैतिक नियोग वा अन्य सरकारी निकायहरुलाई परिचालन गरिने कुरा उल्लेख गरिएको छ ( रा.यो.आ., २०६५) ।

वैदेशिक रोजगारमा जाने श्रमिकहरुले विभिन्न संस्था मार्फत जादा नेपाल सरकारले तोकेको रकम भन्दा वढी रकम नतिरोस भन्नका लागी विभिन्न देशहरुमा जानको लागी अधिकतम कुल लागतलाई विभिन्न देश अनुसार फरक-फरक ढंगले निर्धारण गरी देहायवमोजिम उल्लेख गरिएको छ ।

नेपाल सरकारले वि.सं. २०३८ सालमा वैदेशिक रोजगारलाई व्यवस्थित रुपमा विकास गर्न श्रम मन्त्रालयको गठन गरि श्रमलाई व्यवस्थित र परिमार्जन गर्दै लाने निति

लिन थालेको पाइन्छ । यसरी मन्त्रालयको गठन भएपछि विशेषगरि वैदेशिक रोजगारलाई कसरी व्यवस्थित गर्ने र भैपरि आउनसक्ने जटिल समस्याको समाधानका लागि वि.सं. २०४२/०३/०२ बाट वैदेशिक रोजगार ऐन लागु गरियो । हाल आएर यस ऐनलाई संशोधन गर्न वि.सं. २०६४/०५/१९ बाट लागु हुने गरि संशोधित वैदेशिक रोजगार ऐन २०६४ निर्माण भएको छ । यस ऐनमा वैदेशिक रोजगारसम्बन्धी कानूनलाई संशोधित गर्न बनेको ऐन प्रस्तावना वैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन गरि सुरक्षित र मर्यादित बनाउन वैदेशिक रोजगारसम्बन्धी कानूनलाई संशोधन र एकिकरण गर्न वान्छनिय भएकाले व्यवस्थापिका संसदले ऐन बनाएको छ । (कानुन किताव व्यवस्था समिति,२०६४)

मन्त्रालयको गठन भएपछि विशेषगरि वैदेशिक रोजगारलाई कसरी व्यवस्थित गर्ने र भैपरि आउनसक्ने जटिल समस्याको समाधानका लागि वि.सं. २०४२/०३/०२ गतेबाट लागु हुने गरि वैदेशिक रोजगार ऐन २०४२ को स्थापना भयो । यो ऐन बनेपछि वैदेशिक रोजगारको क्षेत्रमा केहि सरलता र परिमार्जन भएकाले यस क्षेत्रको संस्थागत विकासमा परिवर्तन आयो । पछि यस ऐनलाई विभिन्न समयमा संशोधन गरि हाल मिति २०६४/०५/१९ गतेबाट लागु हुने गरि संशोधित वैदेशिक रोजगार ऐन २०६४ निर्माण भएको हो (कानुन किताव व्यवस्था समिति,२०६४)।

नेपालमा वि.स. २०२८ सालमा श्रम विभागको स्थापनासँगै रोजगार प्रवर्द्धनका लागि सरकारी स्तरबाट अनुकूल वातावरणको सिर्जना गर्ने कार्य शुरु भएको थियो । तत्कालीन समयमा उद्योग मन्त्रालय अन्तर्गत स्थापित श्रम विभाग कारखाना निरीक्षण र श्रम विवाद समाधानमा केद्रित थियो । सो विभागको कार्यक्षेत्र आन्तरिक श्रमशक्तिको व्यवस्थापन गर्नमा मात्र सीमित रहेको थियो । समयको विकासक्रमसँगै देशभित्रको श्रमशक्ति वैदेशिक रोजगारीमा जाने क्रम शुरु भए पछि नेपाल सरकारबाट वैदेशिक रोजगार ऐन, २०४२ जारी भयो भने २०५६ सालमा विभागको कार्यक्षेत्र विस्तार गरी विभागको नाम श्रम तथा रोजगार प्रवर्द्धन विभाग कायम गरियो । यसैक्रममा वैदेशिक रोजगार ऐन, २०६४ मा भएको व्यवस्था अनुरुप २०६५ पुस १६ गते वैदेशिक रोजगार विभागको स्थापना भएको थियो ।

## २.३ योजना तथा कार्यक्रममा वैदेशिक रोजगार


त्रिवर्षीय योजना (२०६७/६८ देखि ०६९/७०) मा उल्लेखित वैदेशिक रोजगार सम्बन्धी नीतिहरुमा व्यवस्था हेर्दा रोजगारी केन्द्रित समावेशी तथा समन्यायिक आर्थिक बृद्धिका माध्यमबाट गरिबी निवारण गर्ने उद्देश्य लिएको छ । वैदेशिक रोजगारीलाई व्यवस्थित, सुरक्षित र मर्यादित बनाउने नीति तथा कार्यक्रमलाई समेत यस योजनामा प्रमुखताकासाथ उल्लेख गरिएको छ । वैदेशिक रोजगारका सम्बन्धमा समन्वयका निमित्त सरोकारवाला निकायहरुको उच्चस्तरीय प्रभावकारी समन्वय संरचना निर्माण गरी एकीकृत कार्य प्रणालीको अवलम्वन गरिने र वैदेशिक रोजगारको संस्थागत संरचना स्थानीय स्तरसम्म विस्तार गरिने साथै .आर्थिक कुटनीतिमा श्रम कुटनीतिलाई प्राथमिकता दिइ गन्तब्य मुलुकहरुमा दक्ष तथा व्यावसायिक श्रम सहचारीको व्यवस्था गर्ने नेपालमा गन्तब्य मुलुकको कुटनीतिक उपस्थिति विस्तार गर्नुका साथै विदेशमा रहेका गैर आवासीय नेपालीहरुको संस्था लाई नेपाली श्रमबजारको विस्तार, प्रबद्धन र कामदारहरुको संरक्षण र सहयोगका निमित्त परिचालन गर्ने भनि जोड दिइएको छ ।

वैदेशिक रोजगारमा जाने र आउने नेपालीहरुका निमित्त अन्तराष्ट्रिय विमानस्थलमा विशेष मार्गको व्यवस्था गरिनेछ भनि व्यवस्था गरिएको छ । गन्तव्य मुलुकहरुमा कामदार र महिला कामदारहरुको सुरक्षा र सहयोगका प्रणालीहरुको विकासका लागि सार्क क्षेत्रका अन्य मुलुकहरुसँग सहकार्यको खोजी गरिनेछ भनि कामदारको सुरक्षामा विशेष ध्यान केन्द्रित गरेको पाउन सकिन्छ ।नेपालीहरुका लागि वैदेशिक रोजगार सुरक्षित र व्यवस्थित बनाउन थप मुलुकहरुसँग श्रम संझौता गरिने छ भनि स्थानीय तहसम्म वैदेशिक रोजगार तथा आप्रवसन सम्बन्धी आधारभूत जानकारी प्रवाह हुने गरी चेतनामूलक कार्यक्रम सञ्चालन गरिने जस्ता कुराहरुलाई समावेश गरिएको छ ।वैदशिक रोजगार कल्याणकारी कोषलाई वैदेशिक रोजगारमा गएकाहरुको सुरक्षा, संरक्षण, आर्थिक राहत, पुनःएकीकरण तथा उनीहरुका परिवारका सदस्यहरुको शिक्षा, स्वास्थ्य तथा चेतनामूलक कार्यक्रमहरुमा परिचालन गर्ने र.तेस्रो मुलूक भएर वैदेशिक रोजगारमा जाने कामदारलाई नेपाली भूमि भएर जान आकर्षित गर्ने गरी नीति तर्जुमा गर्ने,सीप र सही सूचना उपलब्ध भएपछि मात्र बैदेशिक रोजगारमा जान चाहने महिलाहरुलाई विशेष प्याकेजको व्यवस्था गर्ने भनि वैदेशिक रोजगारलाई व्यवसायिकरण गर्न खोजेको पाउन सकिन्छ ।

देशमै रोजगार गर्न चाहने र वैदेशिक रोजगारमा जान चाहनेलाई ऋणको व्यवस्था गर्न वित्तीय संस्थाहरुसंग सहकार्य गर्ने । रोजगारीको सिलसिलामा भारत गएका नेपाली कामदारहरुको सुरक्षा र संरक्षणलाई सम्बोधन गर्ने,महिला, विपन्न, दलित दुर्गम तथा उपेक्षित वर्ग तथा क्षेत्रसमेतको पहुँच हुने गरी वैदेशिक रोजगार उन्मुख स्तरीय तालीम प्रदान गर्नुका साथै वैदेशिक रोजगारलाई समावेशी र विपन्नमुखी बनाउने । वैदेशिक रोजगारीमा गएका नेपालीहरुको अभिलेख प्रणाली सुधार तथा सुव्यवस्थित गरी खण्डीकृत तथ्याङ्क समेत हुने गरी अद्यावधिक गर्ने । .विप्रेषण संकलन गर्ने सस्थाहरुमा संस्थागत/कर्पोरेट जिम्मेवारीलाई प्रोत्साहित गर्नुका साथै विप्रेषणको सहजीकरण र उत्पादनशील उपयोगका लागि प्रभावकारी प्याकेजहरुको तर्जुमा गरी कार्यान्वयन गर्ने र विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी गरी स्वरोजगार र रोजगारमा वृद्धि गराई बेरोजगारी र गरीबी घटाउने काममा सहयोग गर्ने । श्रम आप्रवासनलाई नयाँ सीप र प्रविधि भित्र्याउने माध्यमको रुपमा ग्रहण गर्नुका साथै फर्किआएका कामदारहरुको सीप तथा बचतलाई उद्यमशीलता प्रबर्द्धनका लागि परिचालन गरी राष्ट्र विकास र गरीबी निवारणको प्रक्रियामा साझेदारको रुपमा मान्यता प्रदान गर्ने लक्ष्य लाई मुख्य कार्यनीति लिइएको छ ।

## २.४ अवधारणात्मक ढाँचा

वैदेशिक रोजगारमा जानुका कारणहरु र त्यसपछिका प्रभावहरुलाई यस अध्ययनमा खोतल्ने प्रयास गरिने छ । अविकसित देशका मानिसहरु रोजगारको खोजीमा विकसित मुलुकहरुतिर गई आर्थिक उपार्जन मार्फत आफ्ना जिवन भोगाई लाई सहज वनाउने कममा आएका सामाजिक र आर्थिक परिवर्तनलाई यस अध्ययनमा समेटीने छ जुन विषयवस्तुलाई प्रस्ट्याउनको लागि अवधारणात्मक ढाँचाको रुममा निम्म अनुसारका तालिकामा प्रस्तुत गर्न सकिन्छ । वैदेशिक रोजगारका कारणहरुमा मुख्य गरि सामाजिक र आर्थिक कारण रहेका छन् आर्थिक कारण अन्तरगत वेरोजगारी ,आम्दानीको स्रोतको अभाव ,निर्वाहमुखी खेती प्रणाली र अर्वरभुमीको अभाव रहेका छ भने सामाजिक कारण अन्तरगत शैक्षिक अवस्था,स्वास्थ्य ,पारिवारीक अवस्था,आफन्त तथा साथीभाईको देखासेखी र सुचना र प्रविधिको विकास साथै यसले सामाजिक रुपमा पारेको प्रभावलाई यस अध्ययनमा समावेश गरिएको छ ।


वैदेशिक रोजगारले सामाजिक सम्वन्धमा पारेको प्रभाव
आर्थिक अवस्था
१.रोजगार
२.आम्दानीको स्रोत
३. खेती प्रणाली
४.उर्वरभुमीको अवस्था
सामाजिक अवस्था
१.शैक्षिक अवस्था
२.स्वास्थ्य अवस्था
३.पारिवारीक अवस्था
४.आफन्त तथा साथीभाईको सम्वन्ध

# अध्याय - तीन

## अनुसन्धान पद्धति

कुनै पनि विषयको अध्ययन अनुसन्धान गर्नका लागी अनुसन्धान विधिको प्रयोग गरिएको हुन्छ एउटा मात्र विधिले सुचनाको सम्पूर्ण तथ्य जानकारी र सूचनाका स्रोतहरु थाहा पाउन सकिदैन । तसर्थ यस अनुसन्धानको अनुसन्धान विधि भित्र विभिन्न प्रकारका अध्ययन विधिलाई समावेस गरि सुचनाको सँकलन गरिनेछ जसमा अनुसन्धान ढाँचा, क्षेत्र छनौट, नमुना छनौट, प्रकृति तथ्याङ्क संकलन विधि तथा उपकरणहरु एवं स्रोतहरु तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण जस्ता विषयवस्तु लाई समावेस गरिएको छ ।

### ३.१ अध्ययन क्षेत्रको छनौट

अध्ययनको लागि नुवाकोट जिल्लाको शिवपुरी गाउँपालिका वडा नं ५ को महाकालीलाई छनौट गरिएको थियो । नुवाकोटजिल्लामा जीवन निर्वाहका लागी प्रमुख श्रोत कृषि हो। रोजगारीको संभावना ग्रामिण भेगमा प्रशस्त नभएकोले जनशक्तिहरु वैदेशिक रोजगारमा जाने क्रम निरन्तर रुपमा वृद्धि भइरहेको छ । जसले गर्दा पनि यस क्षेत्रमा वैदेशिक रोजगारले व्यक्तिगत, पारिवारीक तथा सामाजिक सम्वन्धमा पारेको प्रभाव वा परिवर्तन हेर्न सकिन्छ । किन कि रोजगारीमा संलग्न भईसकेपछि संलग्न व्यक्ति वा उसको परिवार आर्थिक रुपमा मजवुत भई सामाजिक रुपमा उ र उसको परिवारलाई सामाजले सम्मानका साथ हेर्ने गर्दछन् । यस क्षेत्रवाट अहिले सम्म यस विषयमा अध्ययन कम भएको र वैदेशिक रोजगारमा जाने प्रचलन वढी भएको पाईन्छ ।

### ३.२ अनुसन्धानको ढाँचा

अनुसन्धानमा विवरणात्मक ढाँचाको प्रयोग गरिएको छ । विवरणात्मक अनुसन्धान ढाँचाले तोकिएको जनसंख्याको धारणाहरु,व्यवहारहरु र विशेषताहरु आत्मसाथ गर्न र वर्तमानमा घटिरहेका परिस्थिति र घटनालाई व्याख्या गर्नका लागि सम्पन्न गरिन्छ । यस अध्ययनमा नुवाकोट जिल्लावाट वैदेशिक रोजगारमा गएका व्यक्ति तथा उनीहरुको परिवारको सामाजिक तथा आर्थिक विषयमा आएको परिवर्तनको व्याख्या तथा विश्लेषण गर्न

विवरणात्मक ढाँचाको प्रयोग गरिएको छ अध्ययनका लागि अन्तरवार्ता अनुसुचीको माध्यमवाट आवश्यक सुचना लिइएको छ ।

### ३.३ नमुना छनौट

अध्ययन क्षेत्र नुवाकोट जिल्लाको शिवपुरी गाउँपालिका अन्तरगत वडा नं.५ मा कुल कुल ७८८ घरधुरी सँख्या रहेकोमा कुल ८० घरधुरी वैदेशिक रोजगारमा गएका मध्ये ३० परिवार र वैदेशिक रोजगारमा सम्लग्न भई फर्किएका परिवार मध्येवाट १० जना परिवार गरि कुल ४० घरपरिवारलाई उदेश्यमुलक नमुना छनौटविधिको प्रयोग गरि छनौट गरिएको छ । उदेश्यमुलक नमुना छनौटमा वैदेशिक रोजगारमा गएको परिवारको आर्थिक अवस्थामा आएको परिवर्तन र सामाजिक सम्वन्धमा आएको परिवर्तनलाई आधार मानेर नमुना छनौट गरिएको छ ।

### ३.४ तथ्याङ्कको प्रकृति र स्रोत

अध्ययनका लागी दुई प्रकारका तथ्याङ्क(प्राथमिक र द्धितिय)श्रोतवाट लिईएको छ । अध्ययनका लागी लिईने प्राथमिक श्रोतमा अध्ययन क्षेत्रमा प्रत्यक्ष रुपमा अन्तरवार्ता अनुसुचीसाथैअवलोकन तथा वैयक्तिक अध्ययनविधिबाट तथ्यांङ्क लिइएको छ । द्धितिय स्रोतमा सरकारी संस्था, जि.वि.स. र विभिन्न सरकारी कार्यालय, तथ्यांङ्क विभाग तथा विभिन्न पत्रपत्रिका, पुस्तक, प्रतिवेदन, विभिन्न सञ्चार माध्यमका सुचना, समाजशास्त्र तथा मानवशास्त्रका विद्धानबाट लेखिएको सम्बन्धित पुस्तकका साथै विषयवस्तुसँग सम्बन्धित भएको शोधपत्र आदिको सहयोग लिइएको छ ।

### ३.५ तथ्याङ्क संकलन विधि

वैदेशिक रोजगार र यसको प्रभावको अध्ययनको लागिनिम्न तथ्याङ्क विधिको प्रयोग गरिएको छ । प्राथामीक तथ्याङ्क संकलनमा अन्तवार्ता अनुसुची,अवलोकन विधि तथा व्यक्तिगत अध्ययनलाई घरधुरी सर्वेक्षणको माध्यमवाट गरिएको छ भने द्धितिय तथ्याङ्कको रुपमासरोकारवाला निकायमा पुगी आवश्यक सुचना संकलन गरियो ।

### ३.५.१ अन्तरवार्ता अनुसुची

यस अन्तर्गत सम्वन्धीत क्षेत्रका व्यक्तिसँग प्रत्यक्ष रुपमा सम्वन्धीत विषयका वारेमा तयार पारीएका प्रश्नावलीका आधारमा उत्तरदाता र शोधकर्ता विच दोहोरो व्यवस्थीत वार्तालाभका माध्ययमवाट तथ्याङ्क संकलन गरिएको छ । व्यक्तिगत तहमा रहेर शोधकर्ताले उत्तरदातासँग प्रत्यक्ष रुपमा भेटघाट गरी आवस्यक सूचना लिइएको छ ।यस क्रममा जम्मा ८० घरधुरीमध्ये ३० घरधुरीमा अन्तर्वाताकालागि वैदेशिक रोजगारमा संलग्न व्यक्तिका घरमुलीलाई समावेश गरिएको छ भने बाँकी १० घरधुरीमा वैदेशिक रोजगारवाट फर्किएका व्यक्तिहरुलाई समावेश गरिएको छ ।अनुसन्धानकर्ता स्वयम् अध्ययन क्षेत्रमा गई आर्थिक तथा सामाजिक लगायत अन्य क्षेत्रको वारेमा उमेर,शिक्षा, आर्थिक अवस्था लगायत, पेशागत अवस्था,जमिन माथिको स्वामित्वको वारेमा अन्तरवार्ता लिइएको थियो ।

### ३.५.२ वैयक्तिक अध्ययन

वैयक्तिक अध्ययनका लागि वैदेशिक रोजगारमा संलग्न परिवारको तथा रोजगारवाट फर्किएको परिवारको वा व्यक्तिको जिवनमा,परिवारमा पारेको सकरात्मक तथा नकारात्मक परिवर्तनलाई आधार मानेर विशेष गहन अध्ययन गरिन्छ । जसको माध्यमवाट वैदेशिक रोजगारले ल्याएको सामाजिक सम्वन्धमा आएको परिवर्तन लाई वैयक्तिक अध्ययनमा प्रस्तुत गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण

अध्ययन क्षेत्रको उद्देश्यसित सम्बन्धित भएर संकलित विभिन्न प्रकारका तथ्यहरुलाई हेरि वर्गिकरण गरेर विश्लेषण गरिएको छ । संकलित तथ्यहरुलाई विश्लेषण गर्नुपूर्व सबैले बुझ्ने गरि सरल तरिकाले तालिकिकरण गरिएको छ । तथ्यहरुको प्रकृति हेरि गुणात्मक र संख्यात्मक विधि अपनाई सरल तरिकाले बुझ्ने गरि तालिकाको व्याख्या तथा विश्लेषण गरिएको छ ।

## ३.७ अध्ययनको सिमा

अनुसन्धानमा शोधकर्ता विधार्थी भएकाले अध्ययनका लागि छानीएको विषयवस्तु सिमित क्षेत्रमा मात्र गरियो जुन कारणले गर्दा यस शोधवाट आएका निष्कर्षहरु अन्य ठाउँसम्म मेल नखान सक्छ । उत्तरदाताकोवाट आएका तथ्यलाई नै आधार वनाएर व्याख्या

तथा विश्लेषण गरिएकोछ । अध्ययनका लागि विश्वप्रणाली व्यवस्थाको सिद्धान्तलाई अवलम्वन गरिएको छ ।वैदेशिक रोजगारमा गएका ३० घरपरिवार र वैदेसिक रोजगारवाट फर्किएका १० जनासँग उदेश्यमुलक नमुना छनौटको माध्यमवाट अध्ययन गरिएको छ ।

## अध्याय-चार

## अध्ययन क्षेत्रको भौगोलिक तथा जनसाँख्यिक अवस्था

### ४.१ भौगोलिक तथा जनसाँख्यिक अवस्था

नुवाकोट नेपाल एकिकरणको इतिहाँस सँग सामरिक हिसावले जोडिएको जिल्ला हो । कुल ११२१ वर्ग किलोमिटर क्षेत्रफल फैलियको यस जिल्लाको सदरमुकाम विदुर हो। यस जिल्लालाई साविकमा राजनैतिक र प्रशासनिक हिसावले तिनवटा सँसदिय विकास क्षेत्रहरु,१३ वटा इलाका,६१ वटा गाउँ विकास समिति तथा एक नगरपालिका र५६० वडाहरुमा विभाजन गरिएको छ । वर्तमान नेपालको सँविधान २०७२ साल असोज ३ गतेदेखि प्रारम्भ भएपछि यसको कार्यन्वयन गर्ने क्रममा २०७३ सालमा स्थानिय तहको पुन सँरचना हुँदा १० वटा गाउँपालिका र २ वटा नगरपालिका गरी १२ वटा स्थानिय तहमा ८८ वटा वडाहरु कायम हुन गएका छन् ।अध्ययनक्षेत्र शिवपुरी गाउँपालिका स्थानिय तह पुनसँरचना पश्चात निर्माण भएको गाउँपालिका हो।यस गाउँपालिकाको सदरमुकाम साविक महाकालि गाविसको शेरावगरमा रहेको छ । नुवाकोट जिल्लाको साविकको इलाका नं. १ का सवै गाविसहरु र २ को केही गाविस र वडाहरुलाई मिलाइएर वनाएको हो । यो गाउँपालिका अन्तरगतका छाप, तलाखु, महाकाली,सिके,समुन्द्रादेवी,लिखु,सुनाखानी,थानापतिको वडा ५ समावेश छन्। ऐतिहासिक,भौगोलिक,आर्थिक,सामाजिक,साँस्कृतिक स्थितिले यो गाउँपालिकाले निकै सम्भावना वोकेको छ । प्राकृतिक स्रोत तथा साधन,पर्यटनको दृष्टिले पनि उत्तिकै सम्भावित छ । ८ वडामा विभाजित यस गाउँपालिकामा शिवपुरी राष्टिय निकुञ्ज रहेको छ भने अन्य रमणिय स्थल पनि समेटिएको यो गाउँपालिका ऐतिहासिक धरोहरको धनि मानिन्छ( के.त.वि.,२०७४)।

#### ४.१.१ अध्ययन क्षेत्रको जनसंख्या विवरण

राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको जनसङ्ख्या २ करोड ६४ लाख ९४ हजार ५०४ रहेको छ, जसमध्ये पुरूष ४८.५० प्रतिशत(१,२८,४९,०४१) र महिला ५१.५० प्रतिशत (१,३६,४५,४६३) रहेका छन् । यसअनुसार लैंगिक अनुपात ९अर्थात प्रति १०० महिलामा पुरूषको सङ्ख्या ९४.१६ रहेको छ । गत २०५८ सालको जनगणनामा कुल जनसङ्ख्या २,३१,५१,४२३ र लैंगिक अनुपात ९९.८० थियो ।नुवाकोट जिल्लाको कुल जनसँख्या २७७४७१रहेकोछ जसमध्ये पुरुष १४४६८६ रहेको छ भने महिलाको

सँख्या१३२७८७ रहेको छ जम्मा परिवार ५९२१५ रहेको छ भने जनसँख्या वृद्धिदर-०.३८ रहेको छ ।नुवाकोट जिल्लामा रहेका जनसँख्याको अवस्थालाई यहा उल्लेख गरिएको छ । अध्ययनको लागि छनौट ५ नं. वडाका मात्र नभई सम्पुर्ण नौ वडामा रहेको विवरण लाई तालिकामा प्रस्तुत गरिएको छ। अध्ययनक्षेत्र शिवपुरी गाउँपालिकाको जनसँख्या निम्नानुसार रहेको छ ।

तालिका नं.१

शिवपुरी गाउँपालिकाको जनसँख्या विवरण

| वडा नं. | पुरुष | महिला | जम्मा | परिवार सँख्या |
|---|---|---|---|---|
| १ | १४०२ | १५७४ | २९७६ | ६८८ |
| २ | १००५ | १०८० | २०८५ | ४४८ |
| ३ | १११० | १३५२ | २४६२ | ५५७ |
| ४ | ७१५ | ८७७ | १५९२ | ३७२ |
| ५ | १६२९ | १८९५ | ३५२४ | ७८८ |
| ६ | १४४० | १६१३ | ३०५३ | ७०० |
| ७ | ११९७ | १२५२ | २४४९ | ५३३ |
| ८ | १२६५ | १३७७ | २६४२ | ५९३ |

स्रोतः के.त.वि.२०६८

### ४.१.२ उमेर समुह अनुसार जनसँख्या विवरण

उमेरलाई विभिन्न समुहमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । व्यक्तिले उसका जीवनकालमा विभिन्न उमेर समूहहरु पार गर्दै अगाडी बढि रहेको हुन्छ । अध्ययनक्षेत्रमा रहेको उमेरगत जनसँख्याको विवरणलाई तालिका २ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. २

उमेरसमुह अनुसार अध्ययनक्षेत्रको जनसँख्या

| क्र.सं. | उमेर | जम्मा | पुरुष | महिला | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| १ | ००-०४ | २७६ | १४६ | १३० | १.१२ |
| २ | ०५ -०९ | ४०९ | १९५ | २१४ | ०.९१ |
| ३ | १० -१४ | ४९४ | २२१ | २७३ | ०.८१ |
| ४ | १५ -१९ | ३९६ | १६९ | २२७ | ०.७४ |
| ५ | २०-२४ | २२९ | ९५ | १३४ | ०.७१ |
| ६ | २५-२९ | २११ | ७९ | १३२ | ०.६ |
| ७ | ३०-३४ | १९० | ९१ | ९९ | ०.९२ |
| ८ | ३५-३९ | २१७ | ८२ | १३५ | ०.६१ |
| ९ | ४०-४४ | १८४ | ८५ | ९९ | ०.८६ |
| १० | ४५-४९ | १८४ | ९४ | ९० | १.०४ |
| ११ | ५०-५४ | १६२ | ८९ | ७३ | १.२२ |
| १२ | ५५-५९ | १४३ | ७७ | ६६ | १.१७ |
| १३ | ६०-६४ | १२७ | ५४ | ७३ | ०.७४ |
| १४ | ६५-६९ | १०६ | ५० | ५६ | ०.८९ |
| १५ | ७०-७४ | ८२ | ४८ | ३४ | १.४१ |
| १६ | ७५+ | ११४ | ५४ | ६० | ०.९ |

स्रोत:जिल्ला वस्तुगत विवरण, २०७४

### ४.१.२.१ वैदेशिक रोजगारमा सँलग्नको उमेर

व्यक्तिले उसका जीवनकालमा विभिन्न उमेर समूहहरु पार गर्दै अगाडी बढि रहेको हुन्छ । यसै सन्दर्भमा वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको उमेरले विशेषत युवा उमेर वा सक्रिय जनशक्ति वा उत्पादनशिल जनशक्तिको उमेरलाई बुझाउँछ । यसै सन्दर्भमा

तालिका २ मा वैदशिक रोजगारमा संलग्न व्यक्तिहरुको उमेरगत विवरणलाई प्रस्तुत गरिएको छ ।

तालिका ३

वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको उमेरगत विवरण

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २५ वर्ष र सो भन्दा तल | १४ | ३५ |
| २ | २६ देखि ३५ वर्ष सम्म | १९ | ४७.५ |
| ३ | ३६ वर्ष वा सो भन्दा माथि | ७ | १७.५ |
| जम्मा | | ४० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

माथीको तालिकामा अध्ययन गर्दा वैदेशिक रोजगारमा सँलग्न व्यक्तिहरुको उमेरगत विवरणलाई प्रस्तुत गरीएको छ । २५ वर्ष र सो भन्दा तलको वैदेशिक रोजगारमा संलग्नको सँख्या ३५ प्रतिशत र २६ देखि ३५ वर्षसम्म ४७.५ प्रतिशत र ३६ वर्ष वार सो भन्दा माथी १७.५ प्रतिशत रहेको पाइयो ।उत्पादन शिल व्यक्तिहरुको वैदेशिक रोजगारमा संलग्नता भएपछि यस वडाको कृषि पेशा बढी प्रभावित भएको देखियो । खेतवारीहरु बाँझो हुने मूलत अलिक बढि जमिन हुने परिवारहरु र एकात्मक पारिवारीक संरचना भएका परिवारहरु देखिए । जसले गर्दा वैदेशिक रोजगारमा संलग्न परिवारहरुले आफ्नो जीवीका चलाउन बजारसँग परनिर्भर भएको अर्थात बजारबाट खानका लागि रासनहरु किनेर ल्याउने कुरा बताए । यसैगरी अध्ययन क्षेत्रका घरहरुमा केटाकेटी, महिला र बृद्धहरुको संख्या बढी मात्रामा रहेको देखियो । यसका साथै अध्ययन क्षेत्रमा जन्ती, मलामी तथा अन्य सामाजिक क्रियाकलाहरुमा युवाहरुको सहभागिता ज्यादै न्यून रहको कुरा एक जना बृद्ध उत्तरदाताले बताए । यसैगरी महिलाको भूमिकामा बृद्धि भएको कुरा देखियो अर्थात उनीहरु घर भित्र र घर बाहिरको काममा संलग्न हुनु पर्ने हुँदा कार्यभार बढ्न गएको कुरा सहभागी महिलाहरुले बताएका थिए ।

### ४.१.३ शिक्षा

जनगणना २०६८ले देशका ५ वर्ष वा सो भन्दा माथिल्लो उमेरका कुल २,३९,२६,५४१ जनसङ्ख्यामा ६५.९ प्रतिशत व्यक्तिहरू साक्षर रहेको देखाएको छ । यो उमेर

समूहका कुल पुरूषको ७५.१ प्रतिशत र महिलाको ५७.४ प्रतिशत साक्षर रहेका छन् । यसैगरी ६ वर्ष वा सो भन्दा माथिल्लो उमेरका कुल जनसंख्याको ६६.५ प्रतिशत तथा पुरुष र महिलाको क्रमशः ७५.९ र ५७.७ प्रतिशत साक्षर रहेको देखिएको छ ।पाँच वर्ष वा सो भन्दा माथिल्लो उमेरका साक्षर जनसङ्ख्याको सबै भन्दा ठूलो हिस्सा अर्थात ३९.० प्रतिशत व्यक्तिहरूले प्राथमिक तह (कक्षा १ देखि ५ सम्म) उत्तीर्ण गरेको पाइएको छ । निम्न माध्यामिक तह (कक्षा ६ देखि ८ सम्म) उत्तीर्ण गरेका व्यक्तिहरू २०.३ प्रतिशत अंशसहित दोस्रो बहुसङ्ख्यामा रहेको देखिन्छ । एस.एल.सि. वा सो सरह उत्तीर्ण गर्ने व्यक्तिहरू कुल जनसङ्ख्याको १०.२ प्रतिशत देखिन्छन् भने एस.एल.सि. भन्दा माथिल्लो तह उत्तीर्ण गर्नेहरू १०.२ प्रतिशत नै देखिएका छन् । जम्माजम्मी ४.२ प्रतिशत व्यक्तिहरूले अनौपचारिक शिक्षा हासिल गरेको देखिएको छ ।

नुवाकोट जिल्लामा पुर्व प्राथामिक देखि स्नातक तहसम्मको अध्ययन हुने शैक्षिक संस्थाहरु रहेका यस जिल्लाको समग्र साक्षरता दर ५९.८ छ जुन वि.सं.२०५८ मा ५१.४ प्रतिशत थियो ।पुरुष तथा महिलाको साक्षरता दर क्रमश ६८ र ५२.४ प्रतिशत रहेको छ भने विधार्थी र शिक्षक अनुपात २८ रहेको छ जसमा प्राथामिकको २४ निमाविको ४२ र माविको ३४ विधार्थी शिक्षक अनुपात रहेको छ । त्यसैगरी सामुदायिक र सँस्थागत गरी कुल ५२८ वटा विधालय र १४ वटा क्याम्पसहरु सञ्चालनमा रहेको तथ्याङ्क रहेको छ विधालयमा सबैतहका गरी कुल २६२८शिक्षकहरु अध्ययनरत छन् भने ६७५३६ जना विधार्थीहरु अध्ययनरत छन् । अध्ययनक्षेत्र शिवपुरी गाउँपालिकामा रहेका विधार्थीको सँख्यात्मक विवरणमा कक्षा १ देखि ५कक्षा सम्म अध्ययन गर्ने २७०८,कक्षा ६ देखि८सम्म १२३१,कक्षा ९र १०मा७०३ र कक्षा ११र१२ गरि २१५ जना गरी कुल ४८५७ जना रहेको छ । अध्ययनस्थल वडा नं.५ मा ९३८ जनाले शिक्षा लिएका छन् (जिल्ला वस्तुगत विवरण.,( २०७४))।

देश तथा समाज निर्माणको सन्दर्भमा शैक्षिक जनशक्तिको महत्व पूर्ण भूमिका रहन्छ । यति हुँदा हुँदै पनि देशमा आफ्नो योग्यता अनुसारको रोजगारी नपाउँदा शैक्षिक जनशक्ति वैदेशिक रोजगार तर्फ आर्कषित हुँदा यसले देश तथा समाजको विकास र निर्माणमा प्रभाव पर्न जाने देखिन्छ । यसै सन्दर्भमा तालिका ३ मा वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको शैक्षिक विवरणलाई प्रस्तुत गरिएको  छ ।

तालिका नं.४

वैदेशिक रोजगारमा सँलग्नको शैक्षिक विवरण

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एस.एल.सी.भन्दा मुनी | १३ | ३२.५ |
| २ | एस.एल.सी.वा सो सरह | १८ | ४५ |
| ३ | आइ.ए. वा सो भन्दा माथि | ९ | २२.५ |
| जम्मा | | ४० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण,२०७४

तालिका ३ मा वैदेशिक रोजगारलमा सँलग्नहरुको शैक्षिक अवस्थालाई पस्ततुत गरिएको छ अध्ययन क्षेत्रमा एस.एल.सी.भन्दा मुनी अध्ययन गरी वैदेशिक रोजगारमा जानेको सँख्या ३२.५प्रतिशत रहेको छ एस.एल.सी.वा सो सरह अध्ययन गरी वैदेशिक रोजगारमा सँलग्नहरुको सँख्या ४५प्रतिशत रहेको छ भने आइ ए वा सो सहर अध्ययन गरी वैदेशिक रोजगारमा सँलग्नहरुको सँख्या २२.५प्रतिशत रहेको छ ।नेपालमा वस्दा रोजगारीको अभाव र व्यवसाय पनि नभएको साथै परम्परागत रुपमा कृषि पेशामा सँलग्न हुँदा त्यसवाट आम्दानी पनि हुन नसक्ने अवस्थामा शिक्षित युवाहरु वैदेशिक रोजगारमा सँलग्न भइरहेको पाइयो ।तुलनात्मक रुपमा एस.एल.सी.वा सो भन्दा माथि शैक्षिक योग्यता भएका जनशक्ति नै बढी मात्रामा वैदेशिक रोजगारमा संलग्न हुने गरेको देखिन्छ । यद्यपि वैदेशिक रोजगारमा संलग्न हुँदा आफ्नो शैक्षिक स्तर अनुसारको रोजगारी प्राप्त नभएपनि वेरोजगार रहनु भन्दा रोजगारीका लागि वैदेशिक रोजगार तर्फ शैक्षिक जनशक्ति आकर्षित भएको देखियो । जसले गर्दा अध्ययन क्षेत्रमा पढेका व्यक्तिहरु पनि धेरै कम र भए पनि सहरतिर रोजगारमा नै रहेकोले स्थानिय स्तरमा संचालित निजि स्कूलहरुमा पनि बाहिरी क्षेत्रबाट शिक्षकहरु आइ अध्यापन गराइरहेको देखियो ।

### ४.१.४ वैदेशिक रोजगारमा सम्लग्नहरुको लिङ्गको अवस्था

सामान्य अर्थमा महिला र पुरुष विच रहेको सामाजिक साँस्कृतिक विभिन्नतालाई हामी लिङ्ग भन्दछौ । जहाँ उनीहरुलाई समाजले विभिन्न भूमिकाहरु निर्धारण गरिदिएको हुन्छ । हाम्रो समाजमा पुरुष प्रधानता रहेकाले नारी पुरुषको समानताका लागि विभिन्न किसिमका क्रियाकलाप सञ्चालन भएपनि व्यवहारिक रुपमा यसको प्रभाव न्यून नै देखिन्छ । जसले गर्दा हाम्रो समाजमा वैदेशिक रोजगारको सन्दर्भमा महिलाको सहभागितालाई राम्रो दृष्टिकोणले नहेरीने हुँदा पुरुषको संलग्नता बढी रहेको देखिन्छ । यसै सन्दर्भमा तालिका ४ मा वैदेशिक रोजगारमा संलग्नको लिङ्गगत विवरणलाई प्रस्तुत गरिएको छ ।

तालिका ५

वैदेशिक रोजगारमा संलग्नको लिङ्गगत विवरण

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुष | ३६ | ९० |
| २ | महीला | ४ | १० |
| जम्मा | | ४० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण,२०७४

तालिका ४ अनुसार वैदेशिक रोजगारमा संलग्न कुल जनसंख्या मध्ये ९० प्रतिशत पुरुषको संलग्नता रहेको पाइयो भने वाँकी १० प्रतिशत महिला पाइयो । यसबाट के बुझ्न सकिन्छ भने वैदेशिक रोजगारमा अध्ययन क्षेत्रमा बढी मात्रामा पुरुषहरु नै संलग्न रहेको देखिन्छ । यसो हुनुमा विशेष त्यस समाजको मूल्य मान्यता र परम्पराले महिलालाई र पुरुषलाई फरक दृष्टिकोणले हेर्ने गरिएकाले यस्तो संलग्नता रहेको कुरा त्यहाँका महिलाले बताए । त्यसैगरी ४जना महिलाको संलग्नताले सामाजिक मुल्य मान्यताहरुमा क्रमिक रुपले परिवर्तनको शुरुवात भएको उत्तरदाता महिलाले बताउँदै अगामी दिनहरुमा यसले अन्य महिलालाई पनि वैदेशिक रोजगारमा सहभागी हुने बाटो खुलेको कुरा बताइन । जसलाई उनले महिलालाई घरको चाल किल्लामा मात्र राख्ने सामाजिक मूल्य मान्यतालाई क्रमिक रुपमा परिवर्तन गर्नु कुरा बताइन । यसै सन्दर्भमा सहभागी महिलाको वैयक्तिक अध्ययनलाई तल प्रस्तुत गरिएको छ ।

**४.१.५ वैदेशिक रोजगारीको प्रकृया**

हरेक समाजमा मानविय अर्थतन्त्र, संस्कार र यसबाट निर्मित संस्कृतिको एउटा अन्तर सम्बन्धबाट समाज निर्देशित भएको हुन्छ । समाजको पूर्णत सुदृढिकरणको लागि त्यहाँको संस्कृति अप्रत्यक्ष चल हो भने सरकारी नीति नियम र मानविय क्रियाकलाप प्रत्यक्ष चलहरु  हुन् । यसै सन्दर्भमा वैदेशिक रोजगारिको प्रकृयाका बारेमा कुरा गर्दा कुनै पनि व्यक्ति एकै चोटी वैदेशिक रोजगारमा संलग्न हुन सक्दैन् । यसका लागि पनि विभिन्न किसिमको संजाल रहेको हुन्छ । त्यसमा पनि आफ्नो समाजका वा वरीपरीका व्यक्तिहरु कसरी वा कुन प्रक्रियाबाट वैदेशिक रोजगारमा संलग्न हुने गर्दछन् । त्यस कुराले पनि वैदेशिक रोजगारीको प्रकृयामा प्रभाव पारेको देख्न सकिन्छ (के.सी. २०६६) ।

वास्तवमा भन्नुपर्दा स्पष्ट वैदेशिक रोजगारीका लागि पासपोर्ट प्रथमत नभई नहुने कुरा हो । प्रत्येक नेपाली नागरिकले वैदेशिक रोजगारमा प्रथमत उसले शुरु गर्ने काम भनेको पासपोर्ट बनाउने वा निष्कासन गर्नु हो । यस पछि सम्बन्धित व्यक्ति वा पासपोर्ट कुनै वैदेशिक रोजगार एजेन्सीको निकटस्थ व्यक्ति वा एजेन्सीमा पुग्दछ । यसरी एजेन्सीमा त्यस सम्बन्धी वा भिसा प्रक्रियामा अगाडि बढाइन्छ । यदि यस अवस्थामा सम्बन्धित व्यक्तिले राम्रो निर्देशन नपाइने हो भने उसको सफलताको कमै आशा गर्न सकिन्छ । व्यक्ति वैदेशिक रोजगारी दिलाउने एजेन्सीमा आएर फर्म भर्न पर्दछ जुन कामका लागि फर्म भरिएको हो त्यही कामको निश्चितताको लागि अन्तरवार्ता हुने हुनाले दुवै पक्ष ( रोजगारदाता, श्रमिक) बीच सबै कुराहरु आदानप्रदान भइ व्यक्ति छनौट हुन्छ । छनौट भइसकेपछि सबै शर्तहरुका बारेमा श्रमिकलाई रोजगारदाताले स्पष्ट पार्नु पर्ने हुन्छ र उसको काम अनुसार भिसा प्रक्रिया अगाडि बढाइन्छ ।

यसरी वैदेशिक रोजगारी एजेन्सीले जुन देशमा आफ्ना श्रमिक पठाउने हो त्यहाँको कम्पनीबाट आएको मागको आधारमा माथि उल्लेखित प्रक्रिया अनुसार वैदेशिक रोजगारमा संलग्न गराउनु पर्ने हुन्छ । वास्तवमा श्रमिकहरु नेपालबाट गन्तव्य देश जानु अगाडि दुबै पक्ष  (रोजगारदाता, श्रमिक) को सहमतिपत्र मा सहमत भएर हस्ताक्षर वा मन्जुरीनामा गरीन्छ । यति बेला नै सम्बन्धित कामदारलाई सबै पक्षको अर्थात स्थान, काम, तलब सुविधा, सुरक्षा आदि बारेमा संस्थाले स्पष्ट पार्नु पर्ने हुन्छ । कानूनत यसरी विदेश पठाउने संस्थाले पूर्व स्वीकृति र अन्तिम स्वीकृति नेपाल सरकारबाट लिएर भिषा निष्कासन र प्रस्थान गराउने  गर्दछ (दाहाल, २०६६) ।

माथि उल्लेखित वैदेशिक रोजगारीको प्रकृया के कति रुपमा पूरा गरी वा यसको बारेमा ज्ञान भएर वा नभएर के कस्तो प्रकृयाबाट अध्ययन क्षेत्रका सहभागिहरु वैदेशिक रोजगारमा संलग्न भए भन्ने कुरालाई उनीहरुसँग गरिएको छलफलको आधारमा उल्लेख गरिएको छ ।

यस अर्न्तगत धेरैजसो सहभागिहरु स्थानिय चिनजानको व्यक्ति जो स्थानिय स्तरको मेन पावर कम्पनीमा आबद्ध भएको हुन्छ । उसैसँग सम्बन्धित भएर सर्वप्रथम मेनपावरको शाखा कार्यालयमा सर्म्पक गर्ने गरेको पाइयो । त्यसपछि मेन पावरको मुख्य कार्यालयमा सर्म्पक गरी आफ्नो पासपोर्ट सोहि स्थानीय एजेनटलाई दिएर आफू केवल मेडिकल जाँचका लागि मात्र काठमाडौं जाने गरेको पाइयो । यसरी आफ्नो पासपोर्ट एजेन्टलाई जिम्मा लगाएर भिसा आउने आशामा कम्तीमा २ देखि ६ महिना कुरेर बसी एकै चोटी अन्तिम पल्ट वैदेशिक रोजगारमा जानका लागि पैसाको जोखो गरेर काठमाडौं जाने गरेको पाइयो । तर केहि सहभागिहरु प्रत्यक्ष रुपमा राष्ट्रिय पत्रिकाहरुमा दिइएको विवरण अनुसार सम्बन्धित मेनपावरको केन्द्रिय कार्यालयमा सम्पर्क राखेर वैदेशिक रोजगारमा संलग्न भएको पाइयो ।

यसरी माथि उल्लेखित दुइवटा प्रकृतीका सहभागीहरुमध्ये पहिलो प्रकृती जो धेरै लामो संजालबाट वैदेशिक रोजगारमा संलग्न भएका हुन् । उनीहरुको लागत पनि बढी लागेको कुरा वताए । त्यस्तै गरी उनीहरुले भनेजती तलब सुविधा पनि नपाएको गुनासो गरे । त्यसैगरी दोस्रो प्रकृतिका सहभागिहरुले आफूहरुले राम्ररी बुझेर मात्र वैदेशिक रोजगारमा संलग्न भएकाले लागत खर्च पनि त्यति धेरै नलागेको र आफूले भनेको वा दुवैपक्ष (रोजगारदाता, श्रमिक) बीच भएको सहमति अनुसारको सेवा सुविधा पाएको कुरा बताए ।

## ५.३ वैदेशिक रोजगारका गन्तव्य

वैदेशिक रोजगार विभाग अन्तर्गत कार्यालय तथा शाखाहरुको महत्वपूर्ण कार्यको रुपमा  वैदेशिक रोजगारीका लागि विदेश जाने व्यक्तिहरुलाई श्रम स्वीकृती प्रदान गर्नु रहेको छ । आ.व. २०७०/७१ मा वैदेशिक रोजगारीमा जानका लागि पुरुष ४,९८,४४६ र महिला २९,३६८ गरि कूल ५,२७,८१४ व्यक्तिहरुलाई श्रम स्वीकृती प्रदान गरिएको छ । जसमध्ये वैदेशिक रोजगार व्यवसायी संस्था मार्फत जानेको संख्या ४,५०,०२७ र व्यक्तिगत प्रयासमा जानेको संख्या ७७,७८७ रहेको छ । यसरी व्यक्तिगत रुपमा श्रम स्वीकृति लिई बैदेशिक रोजगारमा गएका मध्ये बैधानिकिकरणको माध्यमबाट श्रम स्वीकृति पाउनेको संख्या

६१,०८० र व्यक्तिगत रुपमा नयाँ श्रम स्वीकृति लिइ विदेश जानेको संख्या १६,७०७ रहेको छ । त्यस्तै देशगत रुपमा सवैभन्दा वढी मलेसियामा २,१४,१४९ र दोश्रो कतारमा १,२८,८७४ जना कामदार वैदेशिक रोजगारीका लागी गएको तथ्यांकले देखाएको छ ( वै.रो.वि.,२०१५)।

वैदेशिक रोजगारीमा गएका कामदारहरुको प्रमुख गन्तव्य देश र संख्या निम्नानुसार रहेको छ । वैदेशिक रोजगारका मुख्य देशहरु मध्ये खाडी राष्ट्रहरु मानिन्छन् यस वाहेक मलेशिया वैदेशिक रोजगारको अर्को महत्वपुर्ण देशमा पर्दछ नेपालको लागि कमाईको हिसावले दक्षिण कोरियालाई महत्वपुर्ण गन्तव्यको रुपमा रहेको श्रम वजार भनेर वुझिन्छ । केही भने जापान तथा अन्य देशहरुमा गएको पाउन सकिन्छ । यसको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.६

वैदेशिक रोजगारका लागि गएका देशहरुको विवरण

| क.सं. | देशको नाम | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | मलेशिया | १३ | ३२.५ |
| २ | द.कोरिया | २ | ५ |
| ३ | कतार | ७ | १७.५ |
| ४ | साउदी अरव | ६ | १५ |
| ५ | कुवेत | ७ | १७.५ |
| ६ | जपान | १ | २.५ |
| ७ | युएइ | ४ | १० |
| जम्मा | | ४० | १०० |

स्रोतःस्थलगत सर्वेक्षण,२०७४

तलिका ५मा दिईएको तथ्याङ्कलाई हेर्दा सवैभन्दा वढी ३२.५ प्रतिशत व्यक्तिहरु श्रम वजारको लागि मलेशियामा  गएको पाईयो त्यसैगरी कुवेत र कतारमा १७.५ प्रतिशत, साउदी अरवमा १५ प्रतिशत साथै युएईमा १० प्रतिशतत्यस्तै द कोरीयामा ५ प्रतिशत  तथा जापानमा २.५ प्रतिशत वैदेशिक रोजगारको लागि लागेको पाइयो ।जापान तथा कोरीया

रोजगारीको लागि  आकर्षक गन्तव्यको रुपमा रहेको भएता पनि यस क्षेत्रवाट ति मुलुकमा जानेको संख्या कम रहेको पाईयो ।

## अध्याय-पाँच

## वैदेशिक रोजगारमा सँलग्नहरुको आर्थिक तथा सामाजिक अवस्था

### ५.१ आर्थिक अवस्था

समाजको क्रियाकलाप अगाडी वढाउनको लागि आर्थिक क्रियाकलाप सञ्चालन हुनु अत्यन्तै जरुरी हुन्छ ।आर्थिक क्रियाकलाप पछि समाजमा नयाँ खालका सम्वन्ध हरु वन्ने तथा पुराना किसिमका सम्वन्धहरु मझवुद वन्दै जाने हुन्छन् । आधुनिक समाजमा मुल रुपमा आर्थिक क्रियाकलाप सञ्चालन भैरहेका हुन्छन् । आर्थिक क्रियाकलाप अन्तरगर आम्दानीको विवरण ,स्रोतहरु,उत्पादनका साधनहरु आम्दानीको स्तरहरु आदिको चर्चा गरिन्छ। यस अध्ययन क्षेत्रमा भएका आर्थिक गतिविधिहरुलाई  यस खण्डमा प्रस्तुत गरिएको छ । वैदेशिक रोजगारमा सम्लग्न हुनुपुर्व परिवारले गरेका आर्थिक गतिविधिलाई स्थलगत अध्ययनवाट र सर्वेक्षणवाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गरि प्रस्तुत गरिएको छ।

### ५.१.१आम्दानी

आम्दानी भन्नाले कुनै पनि व्यक्ति वा परिवारले गरेको पेशाको आधारमा संकलित नगद वा जिन्सिलाई बुझिन्छ । जुन पेशासँग प्रत्यक्ष सम्बन्धित हुन्छ । किनकी कुनै परिवारको आम्दानीले उनीहरुको जीवन सञ्चालन गर्न नसकेको अवस्थामा वां समस्या परिरहेको अवस्थामा वैदेशिक रोजगार एउटा माध्यम बनेको छ । वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडी परिवारको आम्दानीको विवरणलाई यहाँ प्रस्तुत गरिएको छ।

तालिका नं. ७

वैदेशिक रोजगारमा संलग्न परिवारको आम्दानीको विवरण

| क.सं. | वार्षिक आम्दानी | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | २०,००० भन्दा कम आम्दानी हुने | १८ | ४५ |
| २ | २०,०००-४०,०००  सम्म आम्दानी हुने | १३ | ३२.५ |
| ३ | ४१,००० भन्दा बढि आम्दानी हुने | ९ | २२.५ |
| जम्मा: | | ४० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

तालिका नं.६मा वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडीको परिवारको आम्दानीलाई विश्लेषण गरिएको छ । वैदेशिक रोजगारमा संलग्न  परिवारको ४० घरधुरी मध्ये को आम्दानीको विवरण रहेको छ । जसमा २०,००० भन्दा कम आम्दानी हुने परिवार १८ घरधुरी रहेको छ भने २०,००० देखि ४०,००० सम्म आम्दानी हुने परिवार १३ घरधुरी रहेको छ भने ४१००० हजार भन्दा धेरै आम्दानीहुने परिवार ९ रहेको छ ।

वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अघि सबैभन्दा बढि (५५%) कम आम्दानी हुने परिवार र सबैभन्दा कम (२२.५%) बढि आम्दानी हुने परिवार देखियो । आजकाल देशमा योग्यता र क्षमता अनुसारको रोजगारको अभाव र केहि रोजगार भए पनि आम्दानी कम भएको कारण शिक्षित युवाहरुको वैदेशिक रोजगारतर्फ आकर्षण बढेको देखिन्छ । वैदेशिक रोजगारमा संलग्न भएपछि तुलनात्मक रुपमा सबै समुदायको आम्दानीमा वृद्धि भएको बताए । आम्दानीको वृद्धिसंगै अन्य आर्थिक हैसियतमा पनि परिवर्तन आएको र आर्थिक परिवर्तन संगै सामाजिक सम्वन्धमा पनि परिवर्तन आउने गरेको पाईयो ।

तालिका नं. ८

वैदेशिक रोजगारमा संलग्न भएपछाडि परिवारको आम्दानी

| क्र.सं. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | आम्दानीमा वृद्धि भयो | ३६ | ९० |
| २ | आम्दानी उस्तै भयो | ४ | १० |
| जम्माः | | ४० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

तालिका नं.७ अनुसार, वैदेशिक रोजगारमा संलग्न भएपछि परिवारको आम्दानीमा भएको परिवर्तनसम्बन्धी विवरणलाई विश्लेषण गरिएको छ । वैदेशिक रोजगारमा संलग्न परिवार ४० घरधुरी रहेको छ । जसमा वैदेशिक रोजगारमा संलग्न भएपछि ३६ परिवारको आम्दानीमा वृद्धि भयो भन्ने देखियो ।

वैदेशिक रोजगारमा संलग्न भएपछि सबैभन्दा बढि (९०%) परिवारले आम्दानीमा वृद्धि भएको र सबैभन्दा कम (१०%) परिवारले आम्दानीमा वृद्धि नभएको बताए । जुन परिवारको आर्थिक अवस्थासँग जोडिएको हुन्छ । आम्दानीमा वृद्धि हुनुमा रोजगारमा

सहभागी भएको सदस्यको सीप, तलब, रोजगारको लागि गएको देश तथा काम महत्वपूर्ण हुन्छ भने देश तथा राम्रो तलब सुविधा नभएकाले आम्दानीमा वृद्धि हुन नसकेको पाइयो । आम्दानीमा वृद्धि भएपछाडी परिवारको आर्थिक अवस्थामा परिवर्तन भएको बताए । आर्थिक अवस्थामा परिवर्तन आउनासाथ समाजमा अन्य व्यक्तिहरुले पनि आफुलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको तर आर्थिक रुपमा खासै परिवर्तन नदेखिय पछि सामाजिक रुपमा पनि अरुले हेर्ने दृष्टिकोणमा परिवर्तन नआएको देखियो ।

### ५.१.२ घरको वनौटको अवस्था

घर भन्नाले व्यक्ति तथा परिवारको बासस्थानसित सम्बन्धित हुन्छ । घरको बनावटको आधारमा व्यक्ति वा परिवारको आर्थिक अवस्था बुझ्न सकिन्छ । यस सन्दर्भमा वैदेशिक रोजगारमा संलग्नहरुको घरको बनावटलाई तालिका नं. ८ मा प्रस्तुत गरिएको छ ।

तालिका नं.९

वैदेशिक रोजगारमा संलग्न परिवारको घरको विवरण

| क्र.सं. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | पक्की | ९ | ७७.५ |
| २ | कच्ची | ३१ | २२.५ |
| जम्माः | | ४० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

तालिका नं.८ मा वैदेशिक रोजगारमा संलग्न परिवारको घरलाई विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न परिवार ४० घरधुरी रहेको छ । जसमा पक्की घर भएको ९ घरधुरी, कच्ची घर भएको सबैभन्दा बढि अर्थात ३१ घरधुरी रहेको छ । वैदेशिक रोजगारमा संलग्न परिवारको घरलाई हेर्दा सबैभन्दा बढि (७७.५%) कच्ची घर र सबैभन्दा कम (२२.५%) पक्कि घर भएको देखिन्छ । घरको वनावटमा पनि वैदेशिक रोजगारमा संलग्न सदस्यको देश, कमाई, समय आदिले निर्धारण गरेको देखिन्छ । आर्थिक आर्जन गर्नथाले पछि विस्तारै कच्चीघरको साटो पक्की घर निर्माण हुन थालेको छ ।

### ५.१.३ जमिन स्वामित्वको अवस्था

जमिनलाई विभिन्न तरीकाले बुझ्न सकिन्छ अर्थात यसको विभिन्न परिवेशमा विभिन्न अर्थ हुन सक्छ तर सामान्य अर्थमा भन्नुपर्दा जमिन भनेको व्यक्ति वा परिवारको अचल सम्पती हो, जहाँ व्यक्ति रहन्छ, आफ्नो पेशा सञ्चालन गर्ने गर्दछ वा आफ्नो जीवीका सञ्चालनको माध्यम बनाउछ । तर अहिले आएर जमिनलाई नगद वा खण्डिकरण गरी घरघडेरीमा बिक्री गरिरहेको अवस्था छ । जसलाई हिजोका दिनहरुमा खेतीपाती गर्ने वा अन्न उब्जाउनका लागि प्रयोग गर्ने गरिथ्यो । यसैगरी व्यक्ति वा परिवारसँग भएको जमिन पनि वैदेशिक रोजगारसँग सम्बन्धित रहन्छ । किनकी आफ्नो जमिन कम र भएको जमिनमा पनि खेतीपाति राम्रो नहुने अवस्था भएमा आफू र आफ्नो परिवारको जिवीका चलाउन व्यक्ति वैदेशिक रोजगारमा संम्लग्न हुनु पर्ने अवस्था रहन्छ ।

वैदेशिक रोजगारमा सँलग्न परिवारको आर्थिक अवस्था अन्तरगत जमिनको पहुचलाई पनि लिन सकिन्छ । जमिन माथि कस्तो परिवारको कस्तो सम्वन्ध छ साथै त्यस जमिनमा हुने उव्जनिले त्यस परिवारको आम्दानीमा कस्तो र कति टेवा दिएको छ र दिनसक्छ भन्ने कुरा पनि महत्वपुर्ण मानिन्छ  यसरी जमिन माथी हुने स्वामित्व र त्यसको उपयोगिताले परिवारको आर्थिक अवस्थामा आउने परिर्वनलाई पनि विश्लेषण गरेर हेर्न सकिन्छ ।यस मअध्ययन क्षेत्रका परिवार सँग के कति जमिन माथि स्वामित्व रहेको छ र त्यसले के कस्तो महत्व राखेको छ भन्ने कुरा तलको तालिकामा दिइएको तथ्याङ्क वाट हेर्न सकिन्छ ।

तालिका नं.१०

वैदेशिक रोजगारमा सँलग्न परिवारको जमिनको विवरण

| क.सं. | जमिन | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | १-३ रोपनी | ८ | २० |
| २ | ३-५ रोपनी | ९ | २२.५ |
| ३ | ५-१० रोपनी | १७ | ४२.५ |
| ४ | १० देखि माथी | ६ | १५ |
| जम्मा | | ४० | १०० |

स्रोत:स्थलगत सर्वेक्षण,२०७४

माथीको तालिकामा दिइएको तथ्याङ्क अनुसार अध्ययन क्षेत्र ग्रामिण ईलाका भए पनि जमिन माथीको स्वामित्व अलि कमनै देखिन्छ । ग्रामिण क्षेत्रको जमिनमा उव्जनीपनि समथर जमिनमा भन्दा कमनै हुने गर्दछ । १० रोपनी भन्दा माथी जमिन हुने परिवारको सँख्या जम्मा १५ प्रतिशत मात्र रहेको  देखिन्छ त्यसैगरि ३ रोपनी भन्दा कम जमिन हुने परिवारको सँख्या २० प्रतिशत भन्दा कम देखिन्छ ।सवैभन्दा धेरै ५ रोपनी देखि १० रोपनी जमिन हुने देखिन्छ ।

अध्ययन क्षेत्रका घर परिवारको जमिन त्यति धेरै नभएको पाइयो । यसका साथै सहभागीले यस क्षेत्रको जमिनमा पनि एक बालि मात्र लाग्ने र अन्य बालिहरुका लागि आकाशे खेतीमा भर पर्नु परेको अवस्था तथा परम्परागत खेती प्रणालीका आधारमा खेती गरिने भएकाले उत्पादन पनि त्यति नहुने बताए । जसले गर्दा अहिलेका युवाहरुमा खेती पाती प्रतिको धारणामा परिवर्तन आई वैकल्पिक पेशाका रुपमा वैदेशिक रोजगार लगाएत अन्य पेशा अंगालेको कुरा बताए । यसरी कृषि पेशाले पारिवारीक जीवन चलाउन पनि धौ धौ परिरहेको अवस्था तथा जमिन पनि घरघडेरीका कारणले खण्डिकरण भएकोले गर्दा वैदेशिक रोजगारमा परिवारका सदस्य संलग्न हुनु परेको कुरा उत्तरदाताले बताए । वैदेशिक रोजगारमा संलग्न परिवारले जमिन वांझो राखे पनि वजारको छेउ पारेर घर तथा घडेरी किनेको पाउन सकिन्छ ।

### ५.१.४ पेशा

कुनैपनि समाज तथा समुदायमा पेशा भन्नाले त्यस क्षेत्रका व्यक्तिले गर्ने कार्य वा रोजगारलाई बुझ्न सकिन्छ । यो मुख्य रुपमा जीविकोपार्जन वा जिवीका अर्थात जीवन संचालन गर्नका लागि अपनाइने बाटो वा माध्यम हो । पेशालाई पनि परम्परागत तथा आधुनिक वा नयाँ गरी विभाजन गर्न सकिन्छ अर्थात पेशामा पनि समय र ठाउँ अनुसार परिवर्तन गर्न सकिने अवस्था रहेको छ । यसै गरी पेशाले आर्थिक पक्षसँग नजिकको सम्बन्ध राखेको हुन्छ । यसले प्रत्यक्ष रुपमा व्यक्ति वा परिवारको आय आर्जनमा असर पार्नेगर्छ किनकी पेशा नै अर्थोपार्जनको माध्यम हो । यसका साथै पारिवारीक पेशाले पनि वैदेशिक रोजगारसँग सम्बन्ध राखेको हुन्छ । किनकी यही पारिवारीक पेशाले उनीहरुको परिवारको जीवन वा जीविका राम्रो संग चलिराखेको अवस्थामा वैदेशिक रोजगार वैकल्पिक माध्यम बन्न सक्छ तर अन्यथा यो बाध्यात्मक अवस्था हुन जान्छ । तालिका नं.१०मा वैदेशिक रोजगारमा संलग्न परिवारको पेशागत विवरणलाई प्रस्तुत गरिएको छ ।

तालिका नं.११

वैदेशिक रोजगारमा संलग्न परिवारको पेशागत विवरण

| क.सं | पेशा | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | २६ | ६५ |
| २ | व्यापार | ६ | १५ |
| ३ | नोकरी | ५ | १२.५ |
| ४ | मजदुरी | ३ | ७.५ |
| जम्मा | | ४० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

वैदेशिक रोजगारमा संलग्न घरधुरीमध्ये बढि ६५प्रतिशत परिवारको मुख्य पेशा कृषि रहेको र सबैभन्दा कम मजदुरीमा ७.५ प्रतिशत भएको बताए ।समुदायको पेशा जे जस्तो भए पनि आफ्नो गरि राखेको पेशाबाट भएको आम्दानी निकै कम भएको बताए । जसको कारण परिवारको पालनपोषणमा समस्या भएकाले आफ्नो परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न भएको बताए । वैदेशिक रोजगारमा संलग्न भएपछि आम्दानीमा वृद्धि भएकाले केहि परिवारले गरि आएको पेशामा परिवर्तन गरेको बताए भने केहि परिवारले कृषि पेशा छाडेर व्यापार-व्यवसायमा संलग्न भएको बताए । जसको सम्बन्ध चाहि वैदेशिक रोजगार रहेको देखियो ।

हिजोको समाजमा रहेको परम्परागत पेशालाई अहिले क्रमिक रुपमा परिवर्तन गर्दै गएको वा समाजमा हिजोको दिनमा एउटै पेशा (कृषि) अंगाल्ने परिवारले अहिले आएर यसको वैकल्पिक पेशा (व्यापार) अंगाल्न थालेको देखियो यसैगरी नोकरीमा संलग्न भएको पारिवारीक संरचना एकात्मक देखियो यसमा पनि नोकरीमा संलग्न हुनेहरु सरकारी नोकरीमा कम र संस्थागत वा निजी अर्थात विभिन्न किसिमका कारखानामा बढीसंलग्न भएको देखियो । तर पनि वैदेशिक रोजगारले परम्परागत पेशामा विस्तारै विस्तारै परिवर्तन ल्याउन थालेको देखिन्छ ।

**५.१.५ वैदेशिक रोजगारवाट वार्षिक आम्दानी**

वैदेशिक रोजगारीमा जानुको मुख्य उदेश्य भनेको आम्दानी वढाउनन् हो आर्थिक अवस्थामा वृद्धि भएपछि मानिसको साँस्कृतिक चालचलनमा पनि कहि न कहि परिवर्तन आएकै हुन्छ समग्रमा यसले समाजलाई नै वदलीरहेको हुन्छ । आर्थिक अवस्थामा सुधार आएपछि मानिसको सामाजिक सम्वन्धहरुमा पनि प्रभाव परिरहेको देख्न सकिन्छ साथै यसले गर्दा समाजको परिवर्तन पनि द्रुतगतिमा भईरहेको देख्न सकिन्छ । शिक्षा, स्वास्थ्य तथा सञ्चारमा मानिसको पहुँच वढ्दै गएको देखिन्छ ।सरकारी विधालयमा आफ्नो छोराछोरीलाई पढाउनुको सट्टा नीजि विधालयमा पढाउने सरकारी अस्पतालको साटो नीजि अस्पतालमा उपचारको लागि जाने चलन वदीरहेको छ। राम्रा राम्रा सञ्चारका उपकरण खरिद गर्ने साथै महँगा र आधुनीक घरहरुको निर्माण गर्ने पनि चलन विकास भईरहेको छ ।यसकारणले गर्दा वैदेशिक रोजगारीको कारणवाट प्राप्त वार्षिक आम्दानीले समाजमा महत्वपुर्ण परिवर्तन देख्न सकिन्छ वैदेशिक रोजगारवाट प्राप्त वार्षिक आम्दानीको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.१२

वैदेशिक रोजगारवाट प्राप्त वार्षिक आम्दानीको विवरण

| क.स. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | १ देखि ५ लाख | २३ | ५७.५ |
| २ | ५ देखि १० लाख | १४ | ३५ |
| ३ | ११ देखि माथी | ३ | ७.५ |
| जम्मा | | ४० | १०० |

स्रोत:स्थलगत सर्वेक्षण,२०७४

तलिका ११मा वार्षिक रुपमा १ देखि ५ लाख सम्मको आम्दानी गर्ने को सँख्या सवैभन्दा वढी अर्थात ५७.५ प्रतिशत रहेको छ भने ३५ प्रतिशतले वार्षिक रुपमा ५ देखि १० लाखसम्मको आम्दानी गर्दछन त्यस्तै १० लाख माथी वार्षिक आम्दानी गर्नेको सँख्या कुल ७.५ प्रतिशत रहेको पाइयो । वैदेशिक रोजगारवाट प्राप्त आम्दानीले गर्दा घरखर्च चलाउन सजिलो साथै आम्दानीको कारण जग्गा तथा घरघडेरी समेत जोडेको देखियो ।

### ५.१.६ आम्दानीको उपयोग

वैदेशिक रोजगारबाट आर्जन गरेको रकमले के-कस्तो कार्यमा खर्च गरेका छन् भनी रोजगारबाट फर्केर आएका सहभागीहरुको र वैदेशिक रोजगारमा सँलग्न परिवारको भनाई यहाँ प्रस्तुत गरिएको छ ।

तालिका नं. १३

वैदेशिक रोजगारबाट आर्जित रकमको उपयोगसम्बन्धी विवरण

| क्र.सं. | रकमको उपयोग | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | जग्गा किने | ११ | २७.५ |
| २ | घर बनाए | १३ | ३२.५ |
| ३ | ऋण तिरे | १४ | ३५ |
| ४ | व्यवसाय शुरु | ३ | ७.५ |
| जम्मा: | | ३० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

तालिका १२मा वैदेशिक रोजगारबाट आर्जित रकमको उपयोग के-कसरी गरेका छन् भनी देखाइएको छ । अध्ययन क्षेत्रमा वैदेशिक रोजगारबाट फर्किएका र सम्लग्न परिवारका ४० जना सहभागिलाई लिइएको छ । जसमध्ये वैदेशिक रकमको उपयोगलाई हेर्दा सबैभन्दा बढि १४ जनाले ऋण तिरेको बताए । ऋण भन्नाले रोजगारमा जानु पूर्वको ऋण र रोजगारमा जाँदा लागेको सम्पूर्ण खर्च भन्ने बुझिन्छ। वैदेशिक रोजगारबाट आर्जित रकमले सहभागीमध्ये सबैभन्दा बढि (३५%) ले ऋण तिरेको र सबैभन्दा कम (७.५७%) ले व्यवसाय शुरुमा गरको बताए । सहभागीको भनाइको आधारमा अल्पकालिन रुपमा भए पनि सुधार ल्याई सकारात्मक परिवर्तन आएको र केहिले मात्र खासै परिवर्तन नआएको बताए ।

## ५.२ वैदेशिक रोजगार र सामाजिक सम्बन्ध

वैदेशिक रोजगार र सामाजिक सम्वन्धका वारेमा चर्चा गर्नका लागि विभिन्न शिर्षकमा तालिका वाट र वैदेशिक रोजगार मा संलग्न व्यक्तिका व्यक्तिगत विवरणको आधारमा सामाजिक रुपमा यसले पारेको प्रभावको वारेमा अध्ययन तथा विश्लेषण गरिएको छ ।सामाजिक अवस्था अन्तर्गत वैदेशिक रोजगारीले सामाजिक सम्वन्धमा कस्तो परिवर्तन

ल्याएको छ भन्ने सम्वन्धमा अध्ययन केन्द्रित रहेको छ । जसमा खानामा कस्तो परिवर्तन आएको छ । स्वास्थ्य सुविधाको प्रयोगमा आएको परिवर्तनका कुरालाई आधार मनाइएको छ । शिक्षामा कस्तो परिवर्तन आएको छ आफ्ना सन्तानहरुलाई कस्तो विधालयमा पढाइरहेका छन् । वैदेशिक रोजगारमा जाने व्यक्तिहरुको वैवाहिक सम्वन्धमा कस्तो परिवर्तन आएको छ यसले पारिवारीक जिवनमा कस्तो परिवर्तन देखा परेका सो कुरा यहाँ देखाइएको छ । सुचना र प्रविधिको क्षेत्रमा आएको परिवर्तन र यसले समाजमा ल्याएको परिवर्तन लाई अध्ययनको क्रममा समावेश गरिएको छ ।

### ५.२.१ सामाजिक सम्वन्ध

यस शिर्षक अन्तर्गत वैदेशिक रोजगारले उनीहरुको सामाजिक तथा सांस्कृतिक प्रभावलाई विश्लेषण गर्ने प्रयास गरिएको छ ।

तालिका १४

वैदेशिक रोजगारमा संलग्न परिवारको सामाजिक प्रभाव

| क.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सामाजिक काममा सहभागितामा वृद्धि | २८ | ७० |
| २ | उस्तै अवस्था रहेको | १२ | ३० |
| जम्मा | | ४० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण,२०७४

तालिका १३ अनुसार सहभागीहरु मध्ये धेरैको सामाजिक अवस्थामा सुधार आएको देखियो । यस अन्तर्गत सहभागीहरुले आर्थिक रुपले बलियो भएपछि सामाजिक रुपमा पनि बलियो हुने वा सामाजिक अवस्थालाई अर्थतन्त्रसँग जोडेको देखियो । अर्थात वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडि व्यक्ति वा उनीहरुको पारिवार, सामाजिक रुपमा वर्गीय हिसावले निम्न वर्गमा पर्दथ्यो । यसैगरी सामान्य काम गर्नका लागि पनि साहु वा जमिनदारसँग हात थाप्नु पर्ने स्थिति थियो । तर वैदेशिक रोजगारमा संलग्न भइसकेपछि त्यहाँबाट आर्जित पैसाले उनीहरुको जीवनपद्धतीमा सुधार आएको कुरा बताए । किनकी वैदेशिक रोजगारमा संलग्न भएपछिका दिनहरुमा हिजो आफ्नो जस्तो हैसियत भएका व्यक्ति वा परिवार आज आफूसँग सहयोगका लागि आउने गरेको कुरा बताए । यसका साथै आफ्नै

बरावरको व्यक्ति वा परिवारहरु आज पनि साहु वा जमिनदारसँग परनिर्भर भइरहेको अवस्थामा आफू वा आफ्नो परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न भइ आर्थिक रुपले बलियो भएपछि समाजमा उनीहरुलाई राम्रो दृष्टिकोणले हेर्ने कुरा बताए । यसका साथै वैदेशिक रोजगारमा जानुभन्दा अगाडी अर्काको खेतवारीमा वा मेलामा पैसा वा अन्नका लागि सक्रिय आफू वा आफ्नो परिवार वैदेशिक रोजगारमा संलग्न भएपछि आफ्नो खेतवारीमा अरुलाई नगद दिएर काम गराउन पाएको कुरा बताए ।

जसवाट वैदेशिक रोजगारमा संलग्नहरुको सामाजिक अवस्थामा सकारात्मक प्रभाव परेको पाइयो। यस अन्तर्गत आर्थिक अवस्थामा सुधार आएकाले सहभागीको सामाजिक अवस्था वा हैसियत अर्थात उसलाई समाजमा हेर्ने दृष्टिकोणमा परिवर्तन आएको पाइयो ।

### ५२.३ वैदेशिक रोजगारले समाजिक सम्वन्धमा ल्याएको परिवर्तन

वैदेशिक रोजगारले समाजमा ल्याएको परिवर्तन भन्नाले सामाजिक रुपमा समाजमा आएका विभिन्न परिवर्तन जस्तै वैवाहिक सम्वन्ध, चालचलन, पारिवारिक संरचना, स्वास्थ्य उपचार पद्धति,शैक्षिक स्थितिमा सुधार पर्दछन् । वैदेशिक रोजगारमा परिवारको सदस्यहरुको सम्लग्न भईसकेपछि यस अध्ययन क्षेत्रका परिवारमा देखा परेका सामाजिक परिवर्तनहरुलाई तलको तालिका मार्फत प्रस्तुत गरिएको छ ।

तालिका नं.१५

वैदेशिक रोजगारले ल्याएको परिवर्तन

| क.स. | परिवर्तन | छ | छैन | जम्मा |
|---|---|---|---|---|
| १ | बच्चाको जन्मान्तर | ३१ | ९ | ४० |
| २ | वैवाहिक सम्वन्ध खटपट | ८ | ३२ | ४० |
| ३ | सम्वन्ध विच्छेद भएको | ३ | ३७ | ४० |

स्रोतःस्थलगत सर्वेक्षण,२०७४

तलिका १४ मा प्रस्तुत गरिएको तथ्य अनुसार वैदेशिक रोजगारले गर्दा श्रीमान् श्रीमती विचको सहवासमा कमीको कारणले गर्दा वच्चाको जन्मान्तरमा अन्तरमा प्रभाव पारेकोमा ३१ जना र नपारेको मा ९ जना रहेको पाइयो ।त्यसैगरि वैवाहिक सम्वन्धमा खटपट हुनेहरु ४०जनामध्ये ८ जना देखिए ।साथै सम्वन्ध विच्छेद हुने परिवार ४० जना

मध्ये ३ जना देखिए । यसरी  हेर्दा वैदेशिक रोजगारले आर्थिक रुपमा सवल वनाउँदै लगेपनि पारिवारीक तहमा केही वेमेलह्रु भइरहेको छ भने सामाजिक सम्वन्धहरुलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आइरहेको छ ।

**वैयक्तिक अध्ययन**

*अध्ययन क्षेत्रमा बस्दै आएकी सुनिता अधिकारी (नाम परिवर्तन) वर्ष ३४ की महिला वि.सं. २०६६मा वैदेशिक रोजगारका लागि कुवेत तर्फ प्रस्थान गरेको कुरा वताउँछिन् । पहिलो प्रेम विवाह असफल भई दोस्रो  विवाह गरेकी उनी सौताको रुपमा भित्रिएकाले आफू र आफ्नो श्रीमानका घर परिवारले निकालिदिए पछि उनी आफ्नो एक सन्तातलाई माइतीको जिम्मा लगाएर वैदेशिक रोजगारका लागि घरेलु कामदारको रुपमा कुवेतमा गएको थिइन् ।  शुरुका ३-४ महिनामा भाषाका कारणले गर्दा काममा समस्या आएको कुरा बताइन् । यसका साथै विदेश जानु अगाडि विदेशमा महिलाहरुलाई विभिन्न किसिमका शोषण (शारीरिक, मानसिक, श्रम) हुने कुरा सुनेपनी आफूलाई त्यस किसिमको कुनै पनि शोषण नभएको कुरा बताइन् । शुरुका तीन वर्षमा उनले मासिक ने.रु. १७,००० का दरले पारिश्रमिक पाएको र ३ वर्ष पछी नेपाल फर्किएर उक्त पैसाले जमिन किनेर पुन सोही ठाउँमा फर्किएको कुरा बताइन् । त्यस पछिका दिनहरुमा उनको पारिश्रमिकमा वृद्धि भएर ने.रु. २२,००० पुगेको कुरा बताइन् । यसका साथै त्यस पछीको ३ वर्षको आम्दानीले नेपाल फर्किएर घर बनाई सानो व्यवसाय आफ्नै घरमा संचालन गरी आत्मनिर्भर भएको कुरा बताइन् ।*

*यसरी हिजोको दिनमा आफ्नो दोस्रो घरपरीवार र समाजबाट अपहेलीत भएर वैदेशिक रोजगारमा संलग्न उनीलाई अहिले समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन आएको अर्थात सामाजिक सम्बन्धहरु लगाएत सामाजिक कार्यमा उनको सहभागिता बढेको कूरा बताइन् । हिजोका दिनमा प्रत्यक्ष रुपमा उनीलाई समाजमा भेदभाव र कुदृष्टीले हेर्ने धेरै व्यक्ति अहिले आएर आफूसँग नजिक भएको वा आफ्नो वारेमा सकारात्मक कुरा गरेको र आफूलाई सहयोग गरेको कुरा बताइन् ।यसरी शुरुका ३ वर्षमा विदेश बसेर आउँदा समाजका दिदी बहीनीले  पनि नराम्रा कुरा गरेको अवस्थामा अहिले आएर म (आफू) स्वयं आफ्नो खुट्टामा उभिन सफल भएको देखि  वैदेशिक रोजगार प्रति उनीहरु (अन्य महिला) पनि सकारात्मक भएको कुरा व्यक्त गर्दै आफू विभिन्न किसिमका महिला समूहहरुमा  पनि सहभागि बनाएको कुरा बताइन् ।*

यसरी सहभागि महिलाको वैयक्तिक अध्ययनबाट तथा सम्बन्धित क्षेत्रमा गरीएको अवलोकनले पनि वैदेशिक रोजगारमा जानु अगाडि र अहिले वैदेशिक रोजगारबाट फर्केर आइसकेछि हेर्ने दृष्टिकोणमा फरक देखिन्छ । जसबाट विस्तारै समाजमा पनि वैदेशिक रोजगारमा संलग्न हुने महिलालाई हेर्ने दृष्टिकोणमा क्रमिक रुपमा सकारात्मक सुधार देखियो ।समष्टिगत रुपमा हेर्दा वहुसख्यक वेरोजगार र अर्धवेरोगार जनशक्ति जसको कमाइ नै नहुने वा भएको कमाइले खर्च नपुग्ने अवस्थाका जनशक्तिहरुले अल्पकालीन रुपमै भएपनि रोजगार भै केही आम्दानी गर्ने अवसर वैदेशिक रोजगार मार्फत प्राप्त गरेको देखियो ।यसका साथै उक्त आम्दानीवाट आफ्नो आर्थिक अवस्थामा तुलनात्मक रुपमा सुधार आएको कुरा सहभागीहरुले बताए ।

### ५.२.४ वैदेशिक रोजगारीको आर्थिक प्रभाव

सहभागिहरुको संलग्नतालाई हेर्दा आर्थिक कृयाकलापमा सक्रिय रहने उमेर समूहका शिक्षित युवा जनशक्तिहरु बढी मात्रामा वैदेशिक रोजगार सेवामा संलग्न हुने गरेको देखिन्छ ।वैदेशिक रोजगारमा सँलग्नहुनेहरुको संलग्न नहुनेहरुको भन्दा स्वभाविक रुपमा आयआर्जनमा वृद्धि भएको हुन्छ । आय आर्जनको वृद्धिसँग मानिसको सामजिक रुपमा पनि हैसियतमा परिवर्तन आउन थाल्दछ जसको परिणाम स्वरुप व्यक्ति तथा परिवारको जिविकोपार्जन पद्धतिमा पनि फरकपना आउनथाल्दछ । अध्ययनक्षेत्रवाट वैदेशिक रोजगारमा संलग्न परिवारको आर्थिक रुपमा परिवर्तन आएको पाइयो जसको प्रभाव उनीहरुको रोजगारीसँगको सम्वन्ध,आयआर्जनको रुपमा देख्न सकिन्छ । वैदेशिक रोजगारीमा सँलग्न भएपछि जग्गाजमिनमा लगानी गरेको पाइयो भने विशेषता अध्ययनक्षेत्रका मानिसहरुले घडेरीमा लगानी गर्ने गरेको पाइयो । वजारमा घडेरी किन्ने र घर वनाउने काममा पनि सवैभन्दा वढी मात्रामा लगानी गर्ने गरेको पाइयो । परिवार तथा वालवालिकाको शिक्षामा पनि वैदेशिक रोजगारीको प्रभाव देखियो । वालवालिकाको शिक्षामा सरकारी विधालयको साटो नीजि विधालयमा पढाउने कार्यले उनीहरुको कयशत्तिमा विस्तार भएको पाइयो । वैदेशिक रोजगारीमा सँलग्नता सँगै खेतीप्रणालीमा पनि प्रभाव परेको पाइयो । खेती गर्न छोडेर वजारका वस्तुहरु खरिद गर्ने र खाने प्रचलन वढ्दै गरेको पाइयो । वैदेशिक रोजगारीमा सँलग्नहरुको परिवार विस्तारै स्वरोजगारी तिर लागेको पाइयो । परिवारमा

आर्थिक अभावको कारण विहान वेलुका र छाक टार्ने समस्यावाट मुक्ति मिलेपछि आफ्नो वृति विकासमा मानिसहरु सँलग्न हुने गरेको पाइयो । वैदेशिक रोजगारीको कारणले कतिपय जग्गाजमिन वाँझो राखेर भएपनि पेशामा परिवर्तन गर्ने गरेको पाइयो ।

### ५.२.५ वैदेशिक रोजगारको सामाजिक प्रभाव

वैदेशिक रोजगारमा संलग्न परिवारको सामाजिक रुपमा हेर्दा प्रभाव परेको देखिन्छ । वैदेशिक रोजगारमा सँलग्न हुनुभन्दा पहिला आर्थिक अभावको कारणले घर तथा परिवारको सामान्य खर्च चलाउन धौ पर्ने परिवारमा सो समस्याको मुक्तिसँगै आफ्नो वृति विकासमा संलग्नता रहेको पाइन्छ ।परिवार तथा वालवालिकाको शिक्षामा वढीमात्रामा जोड दिएको पाइन्छ । राम्रो विधालयको खोजीको शिलशिलामा आन्तरीक रुपमा वसाइसराइमा लागेको पाइन्छ । अन्यव्यक्तिले हेर्ने दृष्टिकोणमा वैदेशिक रोजगारीमा सँलग्नता भएपछि फरकपना आएको छ । वैदेशिक रोजगारीमा सँलग्नता हुनुभन्दा पहिले समाजमा काम नलाग्ने भनेर हेर्ने व्यत्तिले कुरा काट्ने जस्ता प्रवृतिहरुमा परिवर्तन आएको पाइयो । वैदेशिक रोजगारीमा संलग्न भएपछि घरपरिवार तथा आफन्तजनले पनि सम्मान गर्ने गरेको पाइयो । सामाजिक कार्यहरुमा संलग्नता हुँदा पहिले भन्दा फरक रुपले सम्मान गर्ने गरेको पाइयो । वैवाहिक रुपमा रहेको परिवारमा श्रीमान् श्रीमती विचको आर्थिक अभावको कारण झगडा हुने गरेकोमा हाल वैदेशिक रोजगारीमा सँलग्नता भएपछि झगडा कम हुने गरेको र परिवारमा पनि मेलमिलाप हुने गरेको पाइयो । यद्यपी कतिपय परिवारमा भने वैवाहिक सम्वन्धमा असर परेको र सम्वन्ध विच्छेद भई पारिवारीक रुपमा विचलन आएको पनि पाइयो । समग्रमा वैदेशिक रोजगारीको प्रभाव सकारात्मक रुहेको पाईयो ।

# अध्याय-छ

## सारांशतथा निश्कर्ष

### ६.१ सारांश

अध्ययनको मुल उद्देश्य वैदेशिक रोजगारमा संलग्न तथा पारिवारीक जिवन स्तरमा आर्थिक परिवर्तनको अध्ययन गरी वैदेशिक रोजगार प्रति आकर्षण वढ्नुको कारण पत्ता लगाउनु हो । वैदेशिक रोजगारीले परिवार तथा समाजका विभिन्न पक्षमा पारेको प्रभावको अध्ययन गरी वैदेशिक रोजगारप्रति आकर्षण वढ्नुको कारण पत्ता लगाउनु र यसले सामाजिक तथा आर्थिक अवस्थामा पारेको प्रभावको अध्ययन गर्नु हो ।

अध्ययन क्षेत्र नुवाकोट जिल्लाको शिवपुरी गाउँपालिका अन्तरगत वडा नं.५मा कुल कुल ७८८ घरधुरी सँख्या रहेकोमा महाकालीवाट कुल ८० घरधुरी वैदेशिक रोजगारमा गएकामध्ये ३० परिवार र वैदेशिक रोजगारमा सम्लग्न भई फर्किएका परिवारमध्येवाट १० जना परिवार गरि कुल ४० घरपरिवारलाई उदेश्यमुलक नमुना छनौट विधिको प्रयोग गरि छनौट गरिएको छ । उदेश्यमुलक नमुना छनौटमा वैदेशिक रोजगारमा गएको परिवारको आर्थिक अवस्थामा आएको परिवर्तन र सामाजिक सम्वन्धमा आएको परिवर्तनलाई आधार मानेर नमुना छनौट गरिएको छ ।अनुसन्धानमा विवरणात्मक ढाँचाको प्रयोग गरिएको छ । विवरणात्मक अनुसन्धान ढाँचाले तोकिएको जनसंख्याको धारणाहरु,व्यवहारहरु र विशेषताहरु आत्मसाथ गर्न र वर्तमानमा घटिरहेका परिस्थिति र घटनालाई व्याख्या गर्नका लागि सम्पन्न गरिन्छ । यस अध्ययनमा नुवाकोट जिल्लावाट वैदेशिक रोजगारमा गएका व्यक्ति तथा उनीहरुको परिवारको सामाजिक तथा आर्थिक विषयमा आएको परिवर्तनको व्याख्या तथा विश्लेषण गर्न विवरणात्मक ढाँचाको प्रयोग गरिएको छ ।

नुवाकोट जिल्लाको कुल जनसँख्या २७७४७१रहेकोछ जसमध्ये पुरुष १४४६८६ रहेको छ भने महिलाको सँख्या१३२७८७ रहेको छ जम्मा परिवार ५९२१५ रहेको छ भने जनसँख्या वृद्धिदर-०.३८ रहेको छ । अध्ययनक्षेत्र शिवपुरी गाउँपालिकामा रहेका विधार्थीको सँख्यात्मक विवरणमा कक्षा १ देखि ५कक्षा सम्म अध्ययन गर्ने २७०८,कक्षा ६ देखि८सम्म

१२३१,कक्षा ९र १०मा७०३ र कक्षा ११र१२ गरि २१५ जना गरी कुल ४८५७ जना रहेको छ । अध्ययनस्थल वडा नं.५ मा ९३८ जनाले शिक्षा लिएका छन् ।

अध्ययन क्षेत्रमा एस.एल.सी.भन्दा मुनी अध्ययन गरी वैदेशिक रोजगारमा जानेको सँख्या ३२.५प्रतिशत रहेको छ एस.एल.सी.वा सो सरह अध्ययन गरी वैदेशिक रोजगारमा सँलग्नहरुको सँख्या ४५प्रतिशत रहेको छ भने आइ ए वा सो सहर अध्ययन गरी वैदेशिक रोजगारमा सँलग्नहरुको सँख्या २२.५प्रतिशत रहेको छ ।नेपालमा वस्दा रोजगारीको अभाव र व्यवसाय पनि नभएको साथै परम्परागत रुपमा कृषि पेशामा सँलग्न हुँदा त्यसवाट आम्दानी पनि हुन नसक्ने अवस्थामा शिक्षित युवाहरु वैदेशिक रोजगारमा सँलग्न भइरहेको पाइयो ।वैदेशिक रोजगारमा संलग्न कुल जनसंख्या मध्ये ९० प्रतिशत पुरुषको संलग्नता रहेको पाइयो भने बाँकी १० प्रतिशत महिला पाइयो ।सवैभन्दा वढी ३२.५ प्रतिशत व्यक्तिहरु श्रम वजारको लागि मलेशियामा  गएको पाईयो त्यसैगरी कुवेत र कतारमा १७.५ प्रतिशत, साउदी अरवमा १५ प्रतिशत साथै युएईमा १० प्रतिशतत्यस्तै द कोरीयामा ५ प्रतिशत  तथा जापानमा २.५ प्रतिशत वैदेशिक रोजगारको लागि लागेको पाइयो ।वैदेशिक रोजगारमा संलग्न परिवारको ४० घरधुरी मध्ये को आम्दानीको विवरण रहेको छ । जसमा २०,००० भन्दा कम आम्दानी हुने परिवार १८ घरधुरी रहेको छ भने २०,००० देखि ४०,००० सम्म आम्दानी हुने परिवार १३ घरधुरी रहेको छ भने ४१००० हजार भन्दा धेरै आम्दानी हुने परिवार ९ रहेको छ ।वैदेशिक रोजगारमा संलग्न भएपछि परिवारको आम्दानीमा भएको परिवर्तनसम्बन्धी विवरणलाई विश्लेषण गरिएको छ । वैदेशिक रोजगारमा संलग्न परिवार ४० घरधुरी रहेको छ । जसमा वैदेशिक रोजगारमा संलग्न भएपछि ३६ परिवारको आम्दानीमा वृद्धि भयो भन्ने देखियो ।

अध्ययन क्षेत्रमा पक्की घर भएको ९ घरधुरी, कच्ची घर भएको सबैभन्दा बढि अर्थात ३१ घरधुरी रहेको छ । वैदेशिक रोजगारमा संलग्न परिवारको घरलाई हेर्दा सबैभन्दा बढि (७७.५%) कच्ची घर र सबैभन्दा कम (२२.५%) पक्कि घर भएको देखिन्छ ।१० रोपनी भन्दा माथी जमिन हुने परिवारको सँख्या जम्मा १५ प्रतिशत मात्र रहेको  देखिन्छ त्यसैगरि ३ रोपनी भन्दा कम जमिन हुने परिवारको सँख्या २० प्रतिशत भन्दा कम देखिन्छ ।सवैभन्दा धेरै ५ रोपनी देखि १० रोपनी जमिन हुने देखिन्छ ।वैदेशिक रोजगारमा संलग्न घरधुरीमध्ये

बढि ६५प्रतिशत परिवारको मुख्य पेशा कृषि रहेको र सबैभन्दा कम मजदुरीमा ७.५ प्रतिशत भएको पाइयो ।

वार्षिक रुपमा १ देखि ५ लाख सम्मको आम्दानी गर्ने को सँख्या सवैभन्दा वढी अर्थात ५७.५ प्रतिशत रहेको छ भने ३५ प्रतिशतले वार्षिक रुपमा ५ देखि १० लाखसम्मको आम्दानी गर्दछन त्यस्तै १० लाख माथी वार्षिक आम्दानी गर्नेको सँख्या कुल ७.५ प्रतिशत रहेको पाइयो ।वैदेशिक रकमको उपयोगलाई  हेर्दा सबैभन्दा बढि १४ जनाले ऋण तिरेको बताए । ऋण भन्नाले रोजगारमा जानु पूर्वको ऋण र रोजगारमा जाँदा लागेको सम्पूर्ण खर्च भन्ने बुझिन्छ । वैदेशिक रोजगारबाट आर्जित रकमले सहभागीमध्ये सबैभन्दा बढि (३५%) ले ऋण तिरेको र सबैभन्दा कम (७.५७%) ले व्यवसाय शुरुमा गरको बताए ।सहभागीहरु मध्ये धेरैको सामाजिक अवस्थामा सुधार आएको देखियो । यस अन्तर्गत सहभागीहरुले आर्थिक रुपले बलियो भएपछि सामाजिक रुपमा पनि बलियो हुने वा सामाजिक अवस्थालाई अर्थतन्त्रसँग जोडेको देखियो ।वैदेशिक रोजगारले गर्दा श्रीमान् श्रीमती विचको सहवासमा कमीको कारणले गर्दा वच्चाको जन्मान्तरमा अन्तरमा प्रभाव पारेकोमा ३१ जना र नपारेको मा ९ जना रहेको पाइयो ।त्यसैगरि वैवाहिक सम्वन्धमा खटपट हुनेहरु४०जनामध्ये ८ जना देखिएसाथै सम्वन्ध विच्छेद हुने परिवार ४० जना मध्ये ३ जना देखियो ।

## ६.२ निश्कर्ष

देश तथा समाज निर्माणको सन्दर्भमा शैक्षिक जनशक्तिको महत्व पूर्ण भूमिका रहन्छ । यति हुँदा हुँदै पनि देशमा आफ्नो योग्यता अनुसारको रोजगारी नपाउँदा शैक्षिक जनशक्ति वैदेशिक रोजगार तर्फ आर्कषित हुँदा यसले देश तथा समाजको विकास र निर्माणमा प्रभाव पर्न जाने देखिन्छ ।नेपालमा वस्दा रोजगारीको अभाव र व्यवसाय पनि नभएको साथै परम्परागत रुपमा कृषि पेशामा सँलग्न हुँदा त्यसवाट आम्दानी पनि हुन नसक्ने अवस्थामा शिक्षित युवाहरु वैदेशिक रोजगारमा सँलग्न भइरहेको पाइयो ।यद्यपि वैदेशिक रोजगारमा संलग्न हुँदा आफ्नो शैक्षिक स्तर अनुसारको रोजगारी प्राप्त नभएपनि वेरोजगार रहनु भन्दा रोजगारीका लागि वैदेशिक रोजगार तर्फ शैक्षिक जनशक्ति आकर्षित भएको देखियो ।वैदेशिक रोजगारमा अध्ययन क्षेत्रमा बढी मात्रामा पुरुषहरु नै संलग्न रहेको  देखिन्छ कमिक रुपमा महिलाको संलग्नताले सामाजिक मुल्य मान्यताहरुमा ऋमिक रुपले परिवर्तनको शुरुवात भएकोले अगामी दिनहरुमा यसले अन्य महिलालाई पनि वैदेशिक रोजगारमा सहभागी हुने बाटो खुलेको छ ।वैदेशिक रोजगारका मुख्य देशहरु मध्ये खाडी राष्ट्रहरु मानिन्छन् यस

वाहेक मलेशिया वैदेशिक रोजगारको अर्को महत्वपुर्ण देशमा पर्दछ नेपालको लागि कमाईको हिसावले दक्षिण कोरियालाई महत्वपुर्ण गन्तव्यको रुपमा रहेको श्रम वजार भनेर वुझिन्छ यद्यपीरोजगारीको लागि  आकर्षक गन्तव्यको रुपमा रहेको भएता पनि यस क्षेत्रवाट ति मुलुकमा जानेको संख्या कम रहेको पाईयो ।

परिवारको आम्दानीले उनीहरुको जीवन सञ्चालन गर्न नसकेको अवस्थामा वा समस्या परिरहेको अवस्थामा वैदेशिक रोजगार एउटा माध्यम बनेको छ ।आजकाल देशमा योग्यता र क्षमता अनुसारको रोजगारको अभाव र केहि रोजगार भए पनि आम्दानी कम भएको कारण शिक्षित युवाहरुको वैदेशिक रोजगारतर्फ आकर्षण बढेको देखिन्छ । वैदेशिक रोजगारमा संलग्न भएपछि तुलनात्मक रुपमा सबै समुदायको आम्दानीमा वृद्धि भएको बताए । आम्दानीको वृद्धिसंगै अन्य आर्थिक हैसियतमा पनि परिवर्तन आएको र आर्थिक परिवर्तन संगै सामाजिक सम्वन्धमा पनि परिवर्तन आउने गरेको पाईयो ।घरको वनावटमा पनि वैदेशिक रोजगारमा संलग्न सदस्यको देश, कमाई, समय आदिले निर्धारण गरेको देखिन्छ । आर्थिक आर्जन गर्नथाले पछि विस्तारै कच्चीघरको साटो पक्की घर निर्माण हुन थालेको छ ।कृषि पेशाले पारिवारीक जीवन चलाउन पनि धौ धौ परिरहेको अवस्था तथा जमिन पनि घरघडेरीका कारणले खण्डिकरण भएकोले गर्दा वैदेशिक रोजगारमा परिवारका सदस्य संलग्न हुनु परेको कुरा उत्तरदाताले बताए । वैदेशिक रोजगारमा संलग्न परिवारले जमिन वांझो राखे पनि वजारको छेउ पारेर घर तथा घडेरी किनेको पाउन सकिन्छ ।वैदेशिक रोजगारमा संलग्न भएपछि आम्दानीमा वृद्धि भएकाले केहि परिवारले गरि आएको पेशामा परिवर्तन गरेको बताए भने केहि परिवारले कृषि पेशा छाडेर व्यापार-व्यवसायमा संलग्न भएको बताए ।वैदेशिक रोजगारमा संलग्नहरुको सामाजिक अवस्थामा सकारात्मक प्रभाव परेको पाइयो यस अन्तर्गत आर्थिक अवस्थामा सुधार आएकाले सहभागीको सामाजिक अवस्था वा हैसियत अर्थात उसलाई समाजमा हेर्ने दृष्टिकोणमा परिवर्तन आएको पाइयो ।

## सन्दर्भ सामाग्री


के.सी. नवराज, (२०६६),*नयाँ नेपाल निर्माणमा वैदेशिक रोजगारले खेल्न सक्ने भूमिका,* वैदेशिक रोजगारका विविध पक्षहरू, काठमाडौंःप्याराडाइज इन्टरनेशनल प्रा.लि ।

केन्द्रीय तथ्याङ्क विभाग ,(२०५८),*राष्ट्रिय जनगणना,* काठमाडौं ।

केन्द्रीय तथ्याङ्क विभाग, (२०६८), *नेपाल जीवनस्तर सर्वेक्षण* काठमाडौं ।

नेपाल सरकार राष्ट्रिय योजना आयोगको सचिवालय(२०७४), जिल्ला वस्तुगत विवरण ,केन्द्रिय तथ्याङ्क विभाग,तथ्याङ्क कार्यालय नुवाकोट र जिल्ला समन्वय समितिको कार्यलय नुवाकोट ।

कानुन किताब व्यवस्था समिति (२०६४),*वैदेशिक रोजगार ऐन,*काठमाडौँ ।

गौतम, मित्रलाल, (२०५८), *वैदेशिक रोजगार र यसको प्रभावः एक अध्ययन, शोधपत्र* समाजशास्त्र/मानवशास्त्र विभाग पाटन ।

डाँगी, युवराज, (२०६८), *वैदेशिक रोजगार र यसको प्रभाव, एक अध्ययन, शोधपत्र* समाजशास्त्र तथा मानवशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर ।

दाहाल, गणेश,(२०६६),*वैदेशिक रोजगारका विविध पक्षहरू,*काठमाडौँ प्याराइज इन्टरनेशनल प्रा.लि.।

पण्डित, सूर्य कुमार (२०५६) *नेपालमा वैदेशिक रोजगार,*काठमाडौँ वैदेशिक रोजगार पत्रकार संघ ।

नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय, *राष्ट्रिय रोजगार नीति,*(२०७१) ,काठमाण्डौ ।

पोखरेल, नारायणदत्त (२०५७), *वैदेशिक रोजगारले नेपाली समाजमा पारेको प्रभावः एक अध्ययन,* शोधपत्र समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र

ढकाल मनोहरी(२०६९),*सामाजिक परिवर्तन र विकासको अध्ययन,*काठमाण्डौःदिक्षान्त

प्रकाशन ।

*श्रम मन्त्रालय,*(२०१४/१५),*श्रम आपव्रासन नपेलका ्स्थिति पतिवदेन,*काठमाडौ ।

*श्रम तथा रोजगार वुलेटिन,*(२०७३/७४), *अंक १२,* काठमाडौः श्रम तथा रोजगार मन्त्रालय ।

भद्रा, चन्द्रा(२०१३),प्रतिवेदनःमहिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय श्रम तथा रोजगार मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा ।

*श्रम तथा रोजगार मन्त्रालय,*(२०६९)*प्रतिवेदन,* , काठमाडौं ।

Ritzer G. (1992): *Sociological Theory*: New York Mic Grew-Hill International.

Shrma P. R. (1977): *Caste Social Mobility and Sanskritization* "A Study of old Legal Code".Kathmandu. Ratan Pustak Bhandar, website

www.dofe.gov.np

www.mole.gov.np

www.fepb.gov.np

www.npc.gov.np

## **शोधपत्र तयारी गर्नको लागि तयार गरिएको प्रश्नावलीको नमुना**

## **परिच्छेद -१**

## **वैदेशिक रोजगारमा संलग्न व्यक्तिका परिवारका लागि**

उत्तरदाताको नाम :                                                       उमेर :           लिङ्ग :

| क.सं. | घर परिवारको नामावली | घरमुलीसँगको नाता | उमेर | लिङ्ग | पेशा | शिक्षा |
|---|---|---|---|---|---|---|
| | | | | | | |

१) परिवारको मुख्य पेशा के हो ?

२) यस भन्दापहिले के थियो ?

३) कतिवर्ष देखि यस किसिमको पेशामा संलग्न हुनुहुन्छ?

४) किन यस पेशालाई अंगाल्नु भएको ?

५) जमिनको अवस्था :

| | |
|---|---|
| खेत | |
| बारी | |

६) खानपुग्छपुग्दैन ?

७) पुग्दैन भने कसरी जीवनयापनगर्नु भएको छ ?

८) अरुको जमिनकमाएको खाएको छ वा छैन ?

९) छ भने कतिजमिनकमाएको छ कसरी कमाएको छ ?

१०) यदिआफ्नो जमिनअरुलाई कमाउनदिएको  छ भने दिनुको कारण के होला?

११) उत्पादनको अवस्था :

| उत्पादितवस्तुको किसिम | परिणाम | बजार भाउ (उत्पादन समय) |
|---|---|---|
| धान | | |
| मकै | | |
| गहु | | |
| तोरी | | |

१२) नगदवालीका रुपमा कुनबालीलाई लिनुहुन्छ?

१३) बार्षिक कति आम्दानी हुन्छ?

१४) पशुपक्षी सम्बन्धमा :

| पशुपक्षी | संख्या |
|---|---|
| गाई/ भैंसी<br>भेडा/बाखा<br>कुखुरा/हाँस<br>सुगुर | |

१५) घरको किसिम : (अवलोकनबाट)

| कच्ची | पक्की |
|---|---|
| | |

१६) घरमा टेलिभिजन छ ?

१७) घरमा कम्प्युटर छ ?

१८) घरमा कुनै यातयातको साधन छ ?

१९) छ भने के के छन् ?

२०) वैदेशिक रोजगारमा गएको देश कुन हो ?

२१) वैदेशिक रोजगारमा जान कति समय लाग्यो ?

२२) कुन कामका लागि जानु भएको हो ?

२३) जम्मा कति लागत लाग्यो ?

२४) लागतवा पैसा कोसँग ल्याउनु भयो ?

२५) कस मार्फत जानु भएको हो ?

२६) वैदेशिक रोजगारमा गएको कति वर्ष भयो ?

२७) पहिलो पल्ट  बैदेशिक रोजगारमा संलग्न हुदा सदस्यको उमेर कति थियो ?

२८) वैदेशिक रोजगारमा संलग्न सदस्यको लिङ्ग के हो ?

२९) वैदेशिक रोजगारमा संलग्नहुनु भन्दा अगाडिको पेशा के थियो ?

३०) वहाँ सो पेशाप्रति सन्तुष्टहुनु हुन्थ्यो ?

३१) वहाँको आम्दानीले खर्च पुग्थ्यो ?

३२) वैदेशिक रोजगारमा संलग्न सदस्यको शैक्षिक योग्यता कति छ ?

३३) वैदेशिक रोजगार बाट कमाएको पैसाले के  गर्नु भयो ?

३४) वैदेशिक रोजगारले तपाइको परिवारको आर्थिक स्थितिमा सुधार आएको छ ?

३५) वैदेशिक रोजगारीले तपाईको परिवारको सामाजिक स्थिति वा हैसियतमा सुधार आएको छ ?

## परिच्छेद - २

## वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुका लागि तयार पारिएको प्रश्नावली

उत्तरदाताको नाम :                                   उमेर :          लिङ्ग :

जात :                         धर्म :

गा.वि.स.                      वडा नं.:              टोल :

| क्र.सं. | घर परिवारको नामावली | घरमुलीसँगको नाता | उमेर | लिङ्ग | पेशा | शिक्षा |
|---|---|---|---|---|---|---|
| | | | | | | |

१) वैदेशिक रोजगारमा जानु अगाडि तपाई के काम गर्नु हुन्थ्यो ?

२) वार्षिक आम्दानी कति हुन्थ्यो ?

३) आम्दानीले खर्च पुग्थ्यो ?

४) तपाईसँग जम्मा जमिन कति थियो ?

५) जमिनको उपयोग कसरी गर्नु हुन्थ्यो ?

६) पशुपक्षी सम्बन्धमा :

| पशुपक्षी | संख्या |
|---|---|
| गाई/ भैंसी | |
| भेडा/बाख्रा | |
| कुखुरा/हाँस | |
| सुगुर | |

७) घरको किसिम : (अवलोकनबाट)

| कच्ची | पक्की |
|---|---|
| | |

८) वैदेशिक रोजगारमा गएको देश कुन हो ?

९) कुन कामका लागि जानु भएको हो ?

१०) कस मार्फत जानु भएको हो ?

११) जम्मा लागत कति लाग्यो ?

१२) लागत वा पैसा कोसँग ल्याउनु भयो ?

१३) मासिक कति कमाउनु हुन्थ्यो ?

१४) वैदेशिक रोजगारबाट फर्केको कतिभयो ?

१५) वैदेशिक रोजगारबाट फर्कनुको कारण के हो ?

१६)  हाल के गर्नुहुन्छ?

१७) वैदेशिक रोजगारले कमाएको पैसाले के गर्नु भयो ?

१८) वैदेशिक रोजगार तपाईको परिवारको आर्थिक स्थितिमा सुधार आएको छ ?

१९) वैदेशिक रोजगारले तपाईको परिवारको सामाजिक स्थिति वा हैसियतमा सुधार आएको छ ?

२०) विदेशमा तपाइले कुनै काम सिक्नु भयो ?

२१)विदेशमा सिकेको सिप तपाइलाई नेपालमा काम लाग्यो ?

२२) विदेशमा कुनै भाषा सिक्नु भयो ?

२३) वैदेशिक रोजगारमा जाने प्रेरणा कसरी पाउनु भयो ?

२४) वैदेशिक रोजगारमा पुनःजान चाहनु हुन्छ?

२५)    वैदेशिक रोजगारीको कारण आम्दानी कस्तो भयो ?

२६) वैदेशिक रोजगारीको आम्दानीले व्यवहारमा कस्तो परिवर्तन आयो ?

२७) विदेश जानु अघि धनी र गरिव विच विभेद कस्तो थियो ?

## परिच्छेद- ३

## समूह छलफल लागि प्रश्नहरु :

१) वैदेशिक रोजगार प्रति आकर्षण किन बढेको छ ?

२) वैदेशिक रोजगारमा जाने प्रक्रिया कस्तो छ ?

३) वैदेशिक रोजगारल आर्थिक क्षेत्रमा कस्तो प्रभाव पारेको छ ?

४) वैदेशिक रोजगारले सामाजिक सम्बन्धमा कस्तो प्रभाव पारेको छ ?

५) वैदेशिक रोजगार प्रतिको धारणा के-कस्तो छ ?
६) गरिव व्यक्ति वैदेशिक रोजगारीको कारण धनी भएपछि कस्तो परिवर्तन आयो ?